# नेपाल संस्कृत विश्वविद्यालय

# सेवासर्त–सम्बन्धी नियम

२०६७

## परिच्छेद - २

## दरबन्दी सिर्जना र पदको वर्गीकरण

४. **दरबन्दी सिर्जनाः-** विश्वविद्यालयमा शिक्षक तथा कर्मचारीहरूको दरबन्दी कार्यकारि-परिषद्बाट सिर्जना हुनेछ ।

५. **पद तथा श्रेणीहरूः-** (१) विश्वविद्यालयमा देहायका पद तथा श्रेणीहरू रहनेछन्ः-

(क) शिक्षकतर्फः

| | पद |
|---|---|
| १. | प्राध्यापक |
| २. | सह-प्राध्यापक |
| ३. | उप-प्राध्यापक |
| ४. | सहायक-प्राध्यापक |
| ५. | प्रशिक्षक |
| ६. | उप-प्रशिक्षक |

(ख) अधिकृत स्तरका कर्मचारीतर्फः-

| | पद | श्रेणी |
|---|---|---|
| १. | प्रशासक वा सोसरह - | विशिष्ट |
| २. | सह-प्रशासक वा सोसरह - | प्रथम |
| ३. | उप-प्रशासक वा सोसरह - | द्बितीय |
| ४. | सहायक-प्रशासक वा सोसरह - | तृतीय |

(२) उपनियम (१) को (क) र (ख) मा उल्लेख भएदेखि बाहेक आवश्यकतानुसार कार्यकारि-परिषद्ले उपनियम (१) मा उल्लिखित पद र श्रेणीभन्दा मुनिको श्रेणीसहित वा श्रेणीविहीन पद तोक्न सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि विश्वविद्यालय सेवामा कार्यकारि-परिषद्बाट तोकिएबमोजिमका विभिन्न समूह तथा उपसमूहहरू रहन सक्नेछन् ।

(४) शिक्षाको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको वा उल्लेखनीय काम गरेको भनी प्राज्ञिक-परिषद्ले सिफारिस गरेका वर्तमान र भूतपूर्व शिक्षकहरूलाई कुलपतिबाट विशिष्ट प्राध्यापक पदमा नियुक्ति गर्न सकिनेछ । निजको तलब, अवधि, सुविधा र अन्य सेवासर्त सभाले तोकेबमोजिम हुनेछ ।



## विषय सूचि


| क्र.सं. | विषय | परिच्छेद | पेज नं. |
|---|---|---|---|
| १. | प्रारम्भिक | १ | २ |
| २. | दरवन्दी सिर्जना र पदको वर्गीकरण | २ | ४ |
| ३. | शिक्षक कर्मचारीको न्यूनतम योग्यता | ३ | १४ |
| ४. | सेवाको सुरक्षा र सेवा परिवर्तन | ४ | १५ |
| ५. | काज, सरूवा वा बरबुझारथ र सरूवा गर्ने अधिकारी | ५ | १६ |
| ६. | विदा | ६ | १८ |
| ७. | तलब, भत्ता, अन्य खर्च र सुबिधा | ७ | २७ |
| ८. | अवकाश, उपदान र निवृत्तिभरण | ८ | ३४ |
| ९. | सञ्चयकोष तथा सापटी व्यवस्था | ९ | ४४ |
| १०. | शिक्षक, कर्मचारी आचारसंहिता | १० | ४५ |
| ११. | विभागीय कारबाही, सजाय र पुनरावेदन | ११ | ४९ |
| १२. | सेवा आयोगको काम, कर्तव्य र अधिकार | १२ | ५४ |
| १३. | सेवा आयोगको बैठक र निर्णय | १३ | ५५ |
| १४. | सेवा आयोगको परीक्षा सञ्चालन र पाठ्यक्रम | १४ | ५६ |
| १५. | परामर्शसम्बन्धी कार्यबिधि निर्धारण | १५ | ५८ |
| १६. | निरीक्षण र पुनरावलोकन | १६ | ५९ |
| १७. | अधिकार प्रत्यायोजन | १७ | ६० |
| १८. | कार्यसम्पादन मूल्याङ्कन | १८ | ६३ |
| १९. | पुनरावेदन आयोग | १९ | ६४ |
| २०. | विविध | २० | ६६ |

# नेपाल संस्कृत विश्वविद्यालय
# शिक्षक तथा कर्मचारी सेवासर्तसम्बन्धी नियम
# २०६७

नेपाल संस्कृत विश्वविद्यालय ऐन २०४३ (संशोधनसहित) को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल संस्कृत विश्वविद्यालय सभाले देहायका नियमहरू बनाएको छः-

## परिच्छेद - १
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः-** (१) यो नियमको नाम 'नेपाल संस्कृत विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवासर्त-सम्बन्धी नियम २०६७' रहेको छ ।

(२) यो नियम पारित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः-** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियममाः-

(क) 'ऐन' भन्नाले नेपाल संस्कृत विश्वविद्यालय ऐन २०४३ (संशोधनसहित) भन्ने सम्झनुपर्नेछ ।

(ख) 'विश्वविद्यालय' भन्नाले नेपाल संस्कृत विश्वविद्यालय भन्ने सम्झनुपर्नेछ ।

(ग) "सभा" भन्नाले नेपाल संस्कृत विश्वविद्यालय सभा भन्ने सम्झनुपर्नेछ।

(घ) 'कार्यकारि-परिषद्' भन्नाले ऐनको दफा ६ बमोजिमको कार्यकारि-परिषद् भन्ने सम्झनुपर्नेछ ।

(ङ) कुलपति, सहकुलपति, उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिव भन्नाले ऐनको दफा क्रमशः १४, १५, १६, १७ र १८ बमोजिमका पदाधिकारी भन्ने सम्झनुपर्नेछ ।

(च) "सेवा आयोग" भन्नाले ऐनको दफा २ को खण्ड (घ) (१) बमोजिम गठित सेवा आयोग भन्ने सम्झनुपर्नेछ ।

(छ) 'अध्यक्ष' भन्नाले ऐनको दफा २ को खण्ड (घ) (१) बमोजिम गठित सेवा आयोगका अध्यक्ष भन्ने सम्झनुपर्नेछ ।

(ज) 'सदस्य' भन्नाले सेवा आयोगका सदस्यलाई सम्झनुपर्नेछ ।

(झ) 'पदाधिकारी' भन्नाले ऐनको दफा १३ बमोजिमका पदाधिकारी भन्ने





सम्झनु-पर्नेछ ।

(ञ) 'शिक्षक' भन्नाले ऐनको दफा २ (झ) मा उल्लेख गरिएका शिक्षक भन्ने सम्झनुपर्नेछ ।

(ट) 'कर्मचारी' भन्नाले नेपाल संस्कृत विश्वविद्यालयमा पूरा समय काम गर्ने गरी नियुक्त कर्मचारी भन्ने सम्झनुपर्नेछ ।

(ठ) 'प्रमुख' भन्नाले शिक्षक वा कर्मचारीको पदाधिकारमा वा कार्यरत रहेको सङ्गठन वा निकायको कार्यकारि-प्रमुख भन्ने सम्झनुपर्नेछ । यस शब्दले पदको नाम जुनसुकै रहेको भएता पनि पदाधिकारी वा अधिकृत स्तरका प्रमुख कर्मचारीलाई समेत सम्झनुपर्नेछ ।

(ड) 'प्राचार्य' भन्नाले ऐनको दफा १३ (च) बमोजिम नियुक्त विद्यापीठको प्रमुख भन्ने सम्झनुपर्नेछ ।

(ढ) 'विश्वविद्यालय सेवा' भन्नाले विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको सेवालाई सम्झनुपर्नेछ ।

(ण) 'प्राज्ञिक परिषद्' भन्नाले ऐनको दफा ८ अनुसारको प्राज्ञिक परिषद् भन्ने सम्झनुपर्नेछ ।

(त) 'बिद्यापीठ' भन्नाले आंगिक, सम्बन्धन प्राप्त विद्यापीठ एवम् शिक्षण संस्थाहरू भन्ने सम्झनुपर्नेछ ।

(थ) 'अख्तियारवाला' भन्नाले ऐन, नियम, निर्णय वा लिखित आदेशद्वारा अख्तियार पाएको ब्यक्ति भन्ने सम्झनुपर्नेछ ।

(द) 'चाडपर्व' भन्नाले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने विशेष पर्वलाई सम्झनुपर्नेछ ।

(ध) 'तोकिएबमोजिम' भन्नाले यस नियम र यस नियमअन्तर्गत बनेका कार्यनिर्देशिका, कार्यप्रणालीमा तोकिएको वा तोकिएबमोजिम भन्ने सम्झनुपर्नेछ ।

(न) 'सङ्गठन वा निकाय प्रमुख' भन्नाले केन्द्रीय कार्यालय र सम्पर्क कार्यालयमा कुलसचिव, विद्यापीठमा प्राचार्य र अन्य निकायमा कार्यालय प्रमुख भन्ने सम्झनुपर्दछ ।

३. **नियमको ब्याख्याः-** यस नियमको ब्याख्या गर्ने अधिकार कार्यकारि-परिषद्लाई हुनेछ ।

१ वर्षको परीक्षणकालमा रहने गरी गरिनेछ । सोअवधिमा निजको कार्य संतोषजनक नभएमा निजको नियुक्ति रद्द हुनेछ । यसरी नियुक्ति रद्द भएमा बाहेक एक वर्षको परीक्षणकालको अवधि पूरा गरेका मातहतका शिक्षक तथा कर्मचारीको परीक्षणकाल समाप्त भएपछि समर्थनपत्र दिइनेछ । सेवा स्थायी गर्ने वा परीक्षणकालको अवधि वढाउने बारेको ठोस् सिफारिससहित सम्बन्धित शिक्षक तथा कर्मचारीको काम र आचरणबारेको प्रतिवेदन कार्यालयप्रमुखले कार्यकारि-परिषद्मा पठाउनुपर्नेछ । सोको आधारमा कार्यकारि-परिषद्ले परीक्षणकाल हटाउन वा बढाउन अथवा नियुक्ति रद्द गर्न सक्नेछ ।

(२) विश्वविद्यालय सेवामा अस्थायी वा करार सेवामा नियुक्ति भई पूरा एक वर्ष वा सोभन्दा बढी अवधिसम्म संतोषजनकरूपमा अटूट सेवा गरी सोही पदमा स्थायी नियुक्ति पाउने वा कुनै पदमा स्थायी नियुक्ति पाई परीक्षणकाल पूरा गरिसकेका शिक्षक वा कर्मचारीलाई पुनःपरीक्षणकालमा राखिनेछैन ।

१०. **अस्थायी नियुक्ति, करार तथा आगन्तुक शिक्षक सम्बन्धी व्यवस्था र राजीनामाः-** (१) विश्वविद्यालय सेवा सम्बन्धी कुनै पद कुनै कारणले रिक्त भएमा सो पदमा तोकिएको पदाधिकारीले एकपटकमा घटीमा ६ महिनाका लागि र वढीमा एक वर्षसम्मका लागि अस्थायी र करारमा नियुक्ति गर्न सकिनेछ । यसरी रिक्त रहेको पदमा सेवा आयोगबाट स्थायी व्यक्ति सिफारिस भई नआउन्जेलसम्मका लागि तोकिएको पदाधिकारीले अस्थायी वा करारको म्याद थप गर्न सक्नेछ ।

(२) कुनै शिक्षक बिदा वा काजमा अन्यत्र गएको अवस्थामा अस्थायी नियुक्ति वा करारसेवा अन्तर्गत नियुक्ति नगरे पनि तोकिएको पदाधिकारीले व्यवस्था गर्न सक्नेछ ।

(३) सेवा आयोगको सिफारिसमा पूर्ति गर्नुपर्ने पद रिक्त भएमा पदपूर्तिका लागि पद रिक्त भएको बढीमा एक महिनाभित्र सेवा आयोगलाई सूचना दिनुपर्नेछ ।

(४) अस्थायी र करार सेवामा रहेका शिक्षक कर्मचारीको राजिनामा केन्द्रीय कार्यालयमा कुलसचिवले र विद्यापीठमा प्राचार्यले स्वीकृत गर्नेछ ।

(५) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि आवश्यकता र औचित्य अनुसार विश्वविद्यालयले विशेष दरबन्दी सिर्जना गरी कुनै अनुभवी, दक्ष, ख्यातिप्राप्त व्यक्तिलाई करारनामाको सर्तवन्दीमा काम गराउन सक्नेछ । यसरी करारनामाको सर्तवन्दीमा आउने व्यक्तिहरूलाई कार्यकारि-परिषद्ले



६. **पदपूर्ति गर्ने तरिकाः-** (१) विश्वविद्यालय सेवामा रिक्त रहेका पदहरूको खुल्ला, बढुवा, आन्तरिक वा विशेष प्रतियोगिताद्वारा पूर्ति गरिनेछ । यसरी शिक्षक तथा कर्मचारीको शैक्षिक योग्यता, कार्यक्षमता, ज्येष्ठता, कार्यसम्पादन समेतको मूल्याङ्कन गर्दा नियुक्ति वा वढुवाद्वारा पदपूर्ति गरिने पदहरूको प्रतिशत र तरिका कार्यकारि-परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) शिक्षक तथा कर्मचारी सेवासर्त सम्बन्धी नियम ६ को उपदफा १ मा जेसुकै लेखिएको भएता पनि विश्वविद्यालय सेवाका शिक्षण तथा प्रशासनिक सेवालाई समावेशी वनाउने उद्देश्य बमोजिम खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये **५०** प्रतिशत पदसङ्ख्या छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी शिक्षणतर्फ उपप्राध्यापक वा सोसरह र सोभन्दा मुनिका पद तथा कर्मचारीको हकमा सहायकप्रशासक वा सोसरहका पददेखि मुनिका श्रेणीविहीन पदवाहेकका पदसम्मका पदको प्रवेश विन्दुमा देहाय-बमोजिम वर्गीकृत उम्मेदवारबीच छुट्टा-छुट्टै प्रतिष्पर्धाका आधारमा देहाय अनुसार पदपूर्ति गरिनेछः-

| | | |
|---|---|---|
| क. | महिला | ३३ % |
| ख. | आदिवासी | २७ % |
| ग. | मधेसी | २२ % |
| घ. | दलित | ९% |
| ङ. | अपाङ्ग | ५ % |
| च. | पिछडिएको क्षेत्र | ४ % |

(३) उपनियम २ मा निर्धारित प्रतिशत बमोजिम पद र सङ्ख्याको निर्धारण कार्यकारि -परिषद्ले गरेबमोजिम हुनेछ ।

(४) उपनियम २ को प्रयोजनका निमित्त वर्गीकृत उम्मेद्वार, क्षेत्रको अर्थ र प्रयोग नेपाल सरकारले किटान गरेको मापदण्डको परिधिभित्र सेवा आयोगले तोकेबमोजिम हुनेछ।

(५) उपनियम २ बमोजिम छुट्याइएको पदको विज्ञापन पश्चात् प्रतिष्पर्धात्मक छनोट प्रकृयाको लिखित वा अन्तर्वार्तावाट उपयुक्त उम्मेद्वार सिफारिस हुन सक्ने अवस्था नरहेमा त्यस्तो पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेशी पदपूर्ति गरिनेछ ।

(६) शिक्षण तथा प्रशासनिक सेवालाई समावेशी बनाउने प्रयोजनका निमित्त देहायका प्रकृयागत व्यवस्थाहरू समेत लागू गरिनेछः-

क. खुला तथा समावेशीतर्फको लिखित परीक्षाको उत्तीर्णाङ्क **५०**

प्रतिशत हुनेछ ।

ख. प्रत्येक वर्ग अन्तर्गत निर्धारित प्रतिशतलाई पुरूष र महिला तोकिए बमोजिम (३३ र ६७ प्रतिशत) सङ्ख्या निर्धारण गरी सोही सङ्ख्यामा प्रतिष्पर्धा गराइनेछ ।

ग. समावेशीतर्फ कुनै वर्गको आवेदक महिला नभएमा सोही वर्गको उत्तीर्ण आवेदकलाई छनोट गरिनेछ । सम्बन्धित वर्गबाट उत्तीर्ण आवेदक नभए समावेशी वर्गमध्ये निकटतम उपल्लो Ascending order वर्गको उच्चतम अङ्क प्राप्तगर्ने उम्मेद्वारको छनोट गरिनेछ ।

घ. खुल्ला र समावेशीतर्फको लिखित परीक्षा एकै समयमा एउटै प्रश्नपत्रवाट लिइनेछ । परीक्षाको नतिजा योग्यताक्रमको आधारमा प्रकाशित गरिनेछ ।

ङ. लिखित परीक्षामा उत्तीर्ण उम्मेद्वारको सूची अन्तर्वार्ताका लागि प्रकाशित गरिनेछ र सोको सङ्ख्या विज्ञापनमा किटान गरिएको सङ्ख्यामा डेढी हुनेछ ।

च. पदपूर्तिका लागि अन्तिम नतिजा प्रकाशित गर्दा समावेशीतर्फ उत्तीर्ण हुने उम्मेद्वारको नामावली प्राथमिकतामा राखी खुल्ला समूहवाट स्वतः हटाइनेछ।

छ. शिक्षक तथा कर्मचारीहरूको सेवा प्रवेश विन्दुको पदपूर्तिको अन्तिम नतिजा प्रकाशित गर्दा उपयुक्त सङ्ख्यामा वैकल्पिक उम्मेद्वारका नामहरू समेत प्रकाशित गरिनेछ । वैकल्पिक उम्मेद्वारको सङ्ख्या सेवा आयोगले तोकेबमोजिम हुनेछ ।

ज. उपनियम २ मा उल्लिखित पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला भन्ने सम्झनु-पर्दछ ।

(७) उपनियम २ बमोजिमको प्रतिशत बमोजिम पदसङ्ख्या निर्धारण गर्दा कुनै विवाद आएमा कार्यकारि-परिषदको निर्णय अन्तिम हुनेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो नियम प्रारम्भ भएपछि रिक्त हुने कुनै पनि श्रेणीविहीन पदमा स्थायी पदपूर्ति गरिनेछैन। त्यस्ता पदहरूबाट सम्पादन गरिँदै आएका काम, सेवा करारबाट सम्पादन गराउनुपर्नेछ । तर यो नियम प्रारम्भ हुनुभन्दा अघिदेखि श्रेणीविहीन पदको





रिक्त दरबन्दीमा रही काम गर्दै आएका कर्मचारीहरूलाई स्थायी नियुक्तिका लागि एक अवसर प्रदान गरिनेछ ।

७. **नियुक्तिका लागि उम्मेदवार हुन चाहिने योग्यताः-** (१) विश्वविद्यालय सेवाको पदमा नियुक्तिका लागि उम्मेदवार हुन चाहिने योग्यता शिक्षकको हकमा प्राज्ञिक-परिषद्को सिफारिसमा कार्यकारि-परिषद्ले र कर्मचारीको हकमा कार्यकारि-परिषद्ले तोकेबमोजिम हुनेछ ।

(२) विश्वविद्यालय सेवाको पदमा शिक्षकको नियुक्ति तथा कर्मचारीको नियुक्तिका लागि सिफारिस गर्दा बढुवाका आधार र कार्य-सम्पादन मूल्याङ्कन सेवा आयोगले तोकेबमोजिम हुनेछ ।

(३) सेवा आयोगले गरेको आन्तरिक प्रतियोगिताद्वारा नियुक्ति वा बढुवाको सिफारिसमा चित्त नवुझ्ने शिक्षक तथा कर्मचारीले त्यस्तो सिफारिस गरेको मितिले २० दिनभित्र परिच्छेद १९ बमोजिम गठित पुनरावेदन आयोगमा उजुरी दिन सक्नेछ । यसरी परेको उजुरीका सम्बन्धमा पुनरावेदन आयोगले विपक्षीलाई सूचना दिएको ३० दिनभित्र टुङ्गो लगाइसक्नुपर्नेछ ,तर कुनै प्रकारले म्याद थप गर्नुपर्ने स्थिति आएमा कारण खुलाई कार्यकारि-परिषद्समक्ष म्याद थपको लागि अनुरोध गर्नुपर्नेछ। म्याद थपको स्वीकृति भएमा सो अवधिभित्र टुङ्गो लगाउनुपर्नेछ । बढेको म्यादभित्र पनि टुङ्गो नलागेमा नियुक्ति दिन बाधा पर्ने छैन ।

८. **नियुक्तिको व्यवस्थाः-** (१) विश्वविद्यालय सेवामा शिक्षक तथा कर्मचारीहरूलाई सेवा आयोगको सिफारिसमा कार्यकारि-परिषद्द्वारा नियुक्ति र बढुवा गरिनेछ ।

(२) विश्वविद्यालय सेवामा नियुक्त वा बढुवा भएका शिक्षक तथा कर्मचारीलाई नतिजा प्रकाशन भई उजुरीको म्याद सकिएको वा उजुरीको टुङ्गो लागेको मितिले सामान्यतया १५ दिनभित्र नियुक्ति वा बढुवा पत्र दिनुपर्नेछ । नियुक्ति वा बढुवा भएका उम्मेदवारले उजुरीको टुङ्गो लागेको मितिले सामान्यतया १५ दिनभित्र नियुक्ति-पत्र बुझिलिइसक्नुपर्नेछ । त्यस्तो पत्र बुझेको मितिले ३५ दिनभित्र तोकेको स्थानमा हाजिर भइसक्नुपर्नेछ । सो बमोजिम नभएमा नियुक्ति वा बढुवा स्वतः रद्द हुनेछ, तर विश्वविद्यालयको स्थायी सेवामा रहेका शिक्षक तथा कर्मचारीहरूलाई अध्ययन बिदा, काज वा अन्य बिदामा बसेको अवस्था भएमा ३५ दिनभित्र हाजिर हुनुपर्ने नियम लागू हुनेछैन ।

९. **परीक्षणकालः-** (१) विश्वविद्यालय सेवाका पदहरूमा स्थायी नियुक्ति समान्यतया

(ङ) एउटा पद वा सेवाबाट अर्को पद वा सेवामा सेवा परिवर्तन भएमा।

(च) साविक कार्यालयबाट हालको कार्यालयमा सरूवा भई बहाल भएमा, साविक कार्यालयको पदाधिकार ।

(३) शिक्षकको कर्तव्यः- (१) विश्वविद्यालयमा कार्यरत शिक्षकहरूको कर्तव्य निम्नानुसार हुनेछः-

(क) निर्धारित समयमा नियमित रूपले आफ्नो विद्यापीठ वा कार्यालयमा उपस्थित रहनुपर्नेछ ।

(ख) आफूलाई तोकिएको कार्यभार बहन गर्नुपर्नेछ र निर्धारित समयभित्र सो कार्यभार पूरा गर्नुपर्नेछ ।

(ग) निर्धारित समयमा कक्षा-समयभर कक्षामा उपस्थित रहनुपर्नेछ ।

(घ) शिक्षण विभागका बैठकहरूमा अनिवार्य रूपमा सहभागी रहनुपर्नेछ।

(ङ) कक्षाभार नभएको समयमा शिक्षकहरूले आफ्नो खाली समय विश्वविद्यालयका साथै प्राज्ञिक प्रतिष्ठा बढाउने अनुसन्धान कार्यमा खर्च गर्नुपर्नेछ र यस्ता अनुसन्धाताहरूले प्रत्येक तीन महिनामा आफूले गरेका अनुसन्धान कार्यहरूको प्रगति-विवरण शिक्षण विभागको सिफारिसमा प्राचार्यमार्फत् शिक्षाध्यक्षको कार्यालयमा पठाउनुपर्नेछ ।

(४) कर्मचारीको कर्तव्यः- विश्वविद्यालयमा कार्यरत कर्मचारीहरूको कर्तव्य निम्नानुसार हुनेछः-

(क) तोकिएको समयमा कार्यालयमा उपस्थित भई तोकिएको अवधिसम्म अनिवार्य रूपमा कार्यरत रहनुपर्नेछ ।

(ख) कार्यालयको समयमा तोकिएको स्थानमा बस्नुपर्नेछ र काम विशेषले बाहिर जानुपरेमा आफूभन्दा माथिल्लो तहको स्वीकृति लिनुपर्नेछ ।

(ग) पदाधिकारी वा कार्यालयप्रमुखले प्रत्येक कर्मचारीको कार्यभार लिखितरूपमा तोकिदिनुपर्नेछ ।

(घ) आफ्नो जिम्मेवारीसँग सम्बद्ध कागजात आफ्नै जिम्मामा सुरक्षित राख्नुपर्नेछ।

(ङ) आफूभन्दा माथिका सबै कर्मचारीहरूप्रति समुचित आदर देखाउनु र आफ्नो कामसम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतहरूले नियम कानुनबमोजम दिएका निर्देशनहरूको शीघ्रता एवम् परिश्रमका



प्रचलित स्केलभन्दा बढी तलब तथा अन्य सुविधाहरू दिन सक्नेछ ।

(६) औचित्य र आवश्यकता अनुसार प्राज्ञिक-परिषद्को सिफारिसमा कुनै अनुभवी, दक्ष, ख्यातिप्राप्त तथा विशिष्ट शैक्षिक योगदान दिएको वा अनुसन्धानमा उत्कृष्ट क्षमता भएको व्यक्तिलाई विषयगत विशिष्टता र सो विषयप्रतिको देन र प्रकाशनको परिणाम समेतलाई हेरी कार्यकारि-परिषद्ले अवैतनिक मानार्थ प्राध्यापक पद प्रदान गर्न सक्नेछ ।

(७) कुनै स्थायी शिक्षक वा कर्मचारीले सेवाबाट राजिनामा दिन चाहेमा निजले तीन महिनाको पूर्वसूचना दिनुपर्नेछ । त्यस्तो सूचना नदिएको खण्डमा विश्वविद्यालयले निजसँग तीन महिनाको तलब असुल गर्न सक्नेछ । यस नियमको प्रयोजनको लागि सम्बद्ध कार्यालयप्रमुखद्वारा शिक्षक वा कर्मचारीको राजिनामा सनाखत गराई सिफारिस भई आएको राजिनामा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यकारि-परिषद्मा निहित रहनेछ । तर नेपाल बाहिर रहेको शिक्षक वा कर्मचारीले सम्बद्ध देशमा रहेको नेपाली राजदूतावास वा सम्बद्ध राष्ट्रको नोटरी पब्लिकसमक्ष सनाखत गराई पठाउनुपर्नेछ ।

११. **पदावधि गणना गरिनेः-** नियम ८ बमोजिम स्थायी पदमा नियुक्त भई परीक्षणकालमा रहेका व्यक्तिहरूको नियुक्ति सदर भएमा सो परीक्षणकालको अवधिलाई प्रत्येक वर्षमा थप गरिने ग्रेडवृद्धि तथा अन्य प्रयोजनका लागि गणना गरिनेछ ।

१२. **निमित्त भई काम गर्नेः-** (१) विश्वविद्यालयअन्तर्गतको केन्द्रीय कार्यालय र सम्पर्क कार्यालयमा कार्यरत शाखाप्रमुख वा महाशाखाप्रमुख कुनै कारणले ३० दिन-भन्दा बढी अवधिका लागि अनुपस्थित हुने देखिएमा पदीय ज्येष्ठताको आधारमा एक तहमुनिको मातहतको कर्मचारीलाई केन्द्रीय कार्यालय र सम्पर्क कार्यालयको हकमा कुलसचिवले र विद्यापीठ तथा अन्य निकायको हकमा सो विद्यापीठ वा निकायप्रमुखले दैनिक कार्य सञ्चालनका लागि निमित्त जनाई काम गर्ने अनुमति दिनसक्नेछ । एक तहमुनिको मातहतको कर्मचारी नभए महाशाखा वा निकायको अन्य कुनै एक तहमुनिको कर्मचारीलाई पनि अनुमति दिन बाधा पुग्नेछैन ।

(२) उपनियम (१) बमोजिम निमित्त भई काम गरेकोमा सो कामको जवाफदेही काम गर्ने उपर नै हुनेछ ।

(३) उपनियम (१) बमोजिम निमित्त भई काम गरेकोमा ३० दिनभन्दा कम अवधिका

लागि कुनै प्रकारको भत्ता दिइनेछैन, तर ३० दिनभन्दा बढी काम गरेकोमा प्रमुख भई काम गरेबापत् प्रमुखको भत्ता दिइनेछ ।

(४) उपनियम (१) मा उल्लिखित कार्यालयबाहेक विद्यापीठ वा अन्य निकायका प्रशासन वा लेखाफाँटमा प्रमुखको रूपमा काम गरिरहेको कर्मचारी ३० दिनभन्दा बढी अनुपस्थित हुने देखिएमा प्राचार्य वा सम्बद्ध निकायप्रमुखले एक तहमुनिको कुनै कर्मचारीलाई निमित्त भई काम गर्न तोक्न सक्नेछ ।

१३. **कायममुकायम भई काम गर्नेः-** (१) विश्वविद्यालय सेवाको महाशाखा वा शाखाप्रमुखको पद कुनै कारणबाट ३० दिनभन्दा बढी रिक्त हुन आएमा सो रिक्त भएको महाशाखाप्रमुख वा शाखाप्रमुखको पदमा सोभन्दा एक तहमुनिको पदमा कार्यरत कर्मचारीमध्येबाट नियम १२ (१) ले गरेको व्यवस्थालाई ध्यानमा राखी सो रिक्तपदमा कार्यकारि-परिषद्ले कायममुकायम मुकर्रर गर्न सक्नेछ ।

(२) नियम १२ (४) अनुसार निमित्त दिइएको कर्मचारीलाई ३० दिनभन्दा बढी काम लगाउनु पर्दा सम्बद्ध निकाय वा सङ्गठनप्रमुखको सिफारिसमा कार्यकारि परिषद्ले कायममुकायम मुकर्रर गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कायममुकायम भई काम गरेको पदको सुरू तलबको अङ्कमा तलब दिँदा निजले साविक पदबाट खाईपाई आएको तलबभन्दा घटी हुने भएमा खाईपाई आएको तलबमा नघट्ने गरी थप ग्रेड दिइनेछ, तर कायममुकायम भएको पदको अन्तिम तलबभन्दा बढी रकम थप हुनेछैन ।

(४) कायममुकायम भई काम गरेकोमा त्यस्तो कामको जवाफदेही कायममुकायम भई काम गर्नेउपर नै हुनेछ ।

(५) पूरा वर्ष कायममुकायम भई काम गर्नेले सो पदको कर्मचारीले पाएसरह ग्रेडवृद्धि पाउनेछ ।

(६) उपनियम (१) र (२) बमोजिम कायममुकायम मुकर्रर गरिएका पदमा लगातार ६ महिनाभन्दा बढी काममा लगाउनुपर्दा सो पदको स्थायी पूर्तिका लागि कारबाही चलाइसक्नुपर्नेछ ।

१४. **विश्वविद्यालय सेवामा नियुक्तिको लागि अयोग्यताः-** देहायका व्यक्तिहरू विश्वविद्यालय सेवामा नियुक्त हुन सक्नेछैनन्ः-

(१) नियम अनुसार निर्धारित न्यूनतम शैक्षिक योग्यता नपुगेको व्यक्ति ।



(२) भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएको व्यक्ति ।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको व्यक्ति ।

(४) सहायक-प्राध्यापक, सहायक-प्रशासक वा सोसरह र सोभन्दा माथिका पदहरूका लागि २१ वर्ष उमेर नपुगेको व्यक्ति ।

(५) शैक्षिक र प्रशासनिक पदहरूका हकमा विश्वविद्यालय सेवामा सुरू प्रवेशका निमित्त ४३ वर्ष उमेर नाघेको व्यक्ति ।

(६) हेड असिष्टेण्ट वा सोसरह र सोभन्दा तलका पदहरूका लागि १८ वर्ष उमेर नपुगेको व्यक्ति ।

(७) विश्वविद्यालयको स्थायी सेवामा रहेको शिक्षक तथा कर्मचारीलाई माथिल्लो पदमा नियुक्ति हुन उमेरको अन्तिम हद लाग्नेछैन ।

(८) विश्वविद्यालयको आवश्यकतानुसार नेपाली नागरिकलाई शैक्षिक पदमा करार सेवामा नियुक्त गर्दा उपनियम (५) मा उल्लिखित वन्देज लागू हुनेछैन ।

(९) विश्वविद्यालयको आवश्यकतानुसार कुनै गैर नेपाली नागरिकलाई करार सेवामा नियुक्त गर्नुपरेमा उपनियम (५) मा उल्लिखित वन्देज लागू हुनेछैन ।

१५. **पदाधिकार कायम रहनेः-** (१) देहायको अवस्थामा शिक्षक तथा कर्मचारीको पदाधिकार कायम रहेको मानिनेछः-

(क) पदमा कार्यरत रहँदासम्म ।

(ख) अर्को पदमा सरूवा भई कार्यभार सम्हाल्न पाईने म्यादसम्म ।

(ग) बिदामा बसेको अवधिसम्म ।

(घ) निलम्बनमा रहेको अवधिसम्म ।

(ङ) काजमा खटाइएको अवधिसम्म ।

(च) कायममुकायम भई काम गरेको अवधिसम्म ।

(२) पदाधिकारको समाप्तिः- विश्वविद्यालय सेवामा रहेका शिक्षक वा कर्मचारीहरूको निम्न लिखित अवस्थामा पदाधिकार समाप्त हुनेछः-

(क) राजिनामा स्वीकृत भएमा ।

(ख) तोकिएको उमेरको अधिकतम हद पूरा भएमा ।

(ग) बर्खास्त गरिएमा ।

(घ) माथिल्लो पदमा बढुवा भई बहाली गरेमा ।

## परिच्छेद - ५
## काज, सरूवा वा बरबुझारथ र सरूवा गर्ने अधिकारी

१८. **सरूवासम्बन्धी व्यवस्थाः-** (१) कुनै शिक्षक वा कर्मचारीलाई आवश्यकता र औचित्यअनुसार विश्वविद्यालयको एक विद्यापीठ वा कार्यालयबाट अर्को विद्यापीठ वा कार्यालयमा सरूवा गर्न सकिनेछ ।

(२) कुनै शिक्षक वा कर्मचारी एकै जिल्लाभित्र सरूवा भई जाँदा एक दिन र अन्य स्थानको लागि सात दिनको तयारी म्याद दिइनेछ, तर काजमा खटिई जाँदा तयारी म्याद दिइनेछैन ।

(३) नेपाल संस्कृत विश्वविद्यालय सेवाका कर्मचारीलाई यस विश्वविद्यालयका विभिन्न निकायमा हुने कामको अनुभवसमेत दिलाउनका लागि सामान्यतया एउटा जिल्लाभित्र कार्यरत हेड असिस्टेन्ट वा सोसरहसम्मका कर्मचारीलाई पाँच-पाँच वर्षमा सोही जिल्लाभित्र र अधिकृतस्तरका कर्मचारीलाई तीन-तीन वर्षमा विश्वविद्यालयको जुनसुकै निकायमा कार्यकारि-परिषद्ले सरूवा गर्न सक्नेछ, तर विभागीय कारवाहीको स्थितिमा सरूवा गर्नुपर्दा जुनसुकै समयमा विश्वविद्यालय अन्तर्गतको कुनै पनि निकायमा सरूवा गर्न सक्नेछ ।

१९. **बरबुझारथ गर्नुपर्नेः-** (१) कुनै शिक्षक वा कर्मचारीले विश्वविद्यालय सेवा छाड्दा तोकिएको व्यक्तिलाई आफ्नो जिम्माका जिन्सी, नगदी र कागजात ३५ दिनभित्र बरबुझारथ गरिसक्नुपर्नेछ । सो बरबुझारथ नगरेसम्म विश्वविद्यालयबाट निजले पाउने सम्पूर्ण रकम रोक्का गरी राखिनेछ । निजले बरबुझारथ नगरेको खण्डमा निजसँग रहेको बाँकी बक्यौता माथि उल्लिखित रोक्का रहेको रकमबाट अख्तियारवालाले असुल-उपर गर्नेछ ।

(२) विश्वविद्यालयअन्तर्गत एक कार्यालय वा विद्यापीठबाट अर्को कार्यालय वा विद्यापीठमा सरूवा हुनेले सरूवा भएको ७ दिनभित्र बरबुझारथ गर्नुपर्नेछ । म्यादभित्र बरबुझारथ नगरेमा त्यस्ता शिक्षक वा कर्मचारीको तलब रोक्का गरिनेछ र हाजिर गर्न समेत दिइनेछैन ।

(३) कार्यालय-प्रमुखले बरबुझारथको काम समाप्त भएको सातदिन भित्र सम्बद्ध शिक्षक वा कर्मचारीलाई रवानापत्र दिनुपर्नेछ ।

२०. **सरूवा गर्ने अधिकारीः-** एक विद्यापीठ वा कार्यालयबाट अर्को विद्यापीठ वा कार्यालयमा शिक्षकको हकमा सम्बद्ध संस्थाका प्रमुखको सहमति एवम्



साथ पालना गर्नुपर्नेछ ।

(च) सबै कर्मचारीहरू आफूभन्दा माथिल्लो तहका कर्मचारीहरूप्रति जिम्मेवार रहनुपर्नेछ ।

(छ) एक कर्मचारीको कार्यक्षेत्र एवम् जिम्मेवारीका कागजपत्रहरूमा अर्को कर्मचारीले हस्तक्षेप गर्नुहुँदैन ।

## परिच्छेद - ३
## शिक्षक कर्मचारीको न्यूनतम योग्यता

१६. **न्यूनतम शैक्षिक योग्यताः-** विश्वविद्यालय सेवामा प्रवेश गर्न चाहने शिक्षकको न्यूनतम शैक्षिक योग्यता प्राज्ञिक-परिषद्ले तथा कर्मचारीहरूको न्यूनतम शैक्षिक योग्यता कार्यकारि-परिषद्ले तोकेबमोजिम हुनेछ ।





## परिच्छेद - ४
## सेवाको सुरक्षा र सेवा परिवर्तन

१७. **शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षाः-** (१) विश्वविद्यालयको स्थायी सेवामा प्रवेश गरिसकेपछि शिक्षक तथा कर्मचारीको सेवा सुरक्षा विश्वविद्यालयले गर्नेछ । तर निम्नलिखित अवस्थामा बाहेक अन्य कुनै अवस्थामा सफाइको सबूत दिने मौका नदिई निजहरूलाई सेवाबाट हटाउने वा बर्खास्त गरिनेछैनः-

(क) भागी पत्ता नलागेको वा अन्य कुनै कारणले सम्पर्क स्थापित हुन नसकेकोमा।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरेको अवस्थामा ।

(२) सेवासर्तको सुरक्षाः-

(क) कुनै पनि शिक्षक वा कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तिभरणसम्बन्धी सर्तहरूमा निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिनेछैन ।

(ख) कुनै शिक्षक वा कर्मचारी माथिल्लो पदमा बढुवा हुँदा बढुवा भएको पदको सुरूस्केल साविक पदमा रही खाईपाई आएको तलब बराबर वा बढी भएमा मात्र बढुवा भएको माथिल्लो पदमा आवश्यक ग्रेड थप गरी तलब मिलान गरिनेछ ।

(२) कुनै शिक्षक, कर्मचारीले नियमानुसार पाउने बिदाहरूमध्ये एक महिना वा सोभन्दा बढी लगातार कुनै पनि बिदा बसेमा सोअबधिको भैपरी, चाडपर्व, बिरामी र क्रिया बिदा पाउनेछ, तर उक्त अवधिको घर बिदा भने पाउनेछैन।

(३) घर बिदा बढीमा २१० दिनसम्म मात्र सञ्चित रहनेछ । तर यसरी सञ्चित रहेको घर बिदाको रकम शिक्षक वा कर्मचारीले पुनः नियुक्त हुन अयोग्य हुने गरी सेवाबाट बर्खास्त भएमा बाहेक अरू कुनै प्रकारले सेवा छाडेमा वा सेवाबाट हटेमा सेवा छाड्नु वा सेवाबाट हट्नुभन्दा पहिलेसम्म सञ्चित रहेको घर बिदाको रकम सेवा छाड्दा वा सेवाबाट हट्दाको अवस्थामा खाईपाई आएको तलबको दरले पाउनेछ ।

(४) सेवा अवधिभित्र कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा निजको सञ्चित घर बिदाको रकम मृत्यु हुँदाका अवस्थाको खाईपाई आएको तलबको दरले निजको नजिकको हकवालालाई दिइनेछ ।

(५) हिउँदे वा वर्षे बिदा पाउने शिक्षकले सावधिक पदमा बाहेक प्रशासनतिर आई काम गरेमा यस नियमबमोजिमको घर बिदा पाउनेछ । यसरी हिउँदे वा वर्षे बिदा पाउने शिक्षकले बिदाको अवधिमा काम गर्नुपरेमा दुई दिन काम गरेबापत् एक दिनको दरले घर बिदा पाउनेछ । यसरी आर्जन गरेको घर बिदाको यसै नियम-बमोजिम उपभोग र रकम प्राप्त गर्न सक्नेछ, तर भ्रमण-आदेश प्राप्त गरी काजमा गएका वा गोष्ठी आदिमा खटिएको अबधिमा त्यस्तो बिदा परेमा सो अबधिको घर बिदा दिइनेछैन ।

(६) सात दिन भन्दा बढीको अवधिका लागि बिदा बस्ने शिक्षक वा कर्मचारीले बिदाको अबधिको बीचमा परेको सार्वजनिक बिदालाई नियमानुसार पाउने कुनै दुई किसिमको बिदाले जोडी उपभोग गर्न पाउनेछ, तर यसरी सार्वजनिक बिदालाई जोड्दा कम्तीमा सात दिन उपभोग गर्नुपर्नेछ।

(७) विश्वविद्यालय-अन्तर्गतका शिक्षकहरूले तोकिए-बमोजिम वार्षिक ६० दिनको हिउँदे वा बर्षे बिदा पाउन सक्नेछन् ।

**२७. प्रसूति बिदाः-** (१) विश्वविद्यालयको स्थायी सेवामा रहेका महिलाशिक्षक वा कर्मचारीले प्रसूति हुनुभन्दा अगाडि वा पछाडि गरी ७५ ( पचहत्तर) दिन प्रसूति बिदा पाउनेछ । सो बिदा सेवाअवधिभरमा दुईपटकभन्दा बढी हुनेछैन।

(२) विश्वविद्यालयको अस्थायी वा करार सेवामा रहेका महिला-शिक्षक वा कर्मचारीलाई २ वर्षको अटुट सेवा गरेको भए प्रसूति हुनुभन्दा अगाडि वा



शिक्षाध्यक्षको सिफारिसमा र कर्मचारीको हकमा सम्बद्ध संस्थाप्रमुखको सहमति एवम् कुलसचिवको सिफारिसमा कार्यकारि-परिषद्ले सरूवा गर्न सक्नेछ ।

**२१. काजमा पठाउन सकिनेः-** (१) एक विद्यापीठबाट अर्को विद्यापीठमा शिक्षकलाई काज सरूवा गर्दा काजमा खटाउने विद्यापीठमा सम्बद्ध विषयको पाठ्यभार भएमा र कार्यरत विद्यापीठमा कार्यभार नभएमा बढीमा एक शैक्षिकसत्रका लागि मात्र अधिकारप्राप्त अधिकारीले काज सरूवा गर्नसक्नेछ । एक शैक्षिकसत्रभन्दा बढी समय राख्न आवश्यक भएमा दरबन्दीमा सरूवा गर्नुपर्नेछ। अन्यथा निज शिक्षक आफ्नो पदाधिकार रहेको संस्थामा फर्किनुपर्नेछ ।

(२) एक विद्यापीठ वा कार्यालयबाट अर्को विद्यापीठ वा कार्यालयमा कर्मचारीलाई काज सरूवा गर्नुपरेमा कार्यबोझ हेरी बढीमा एकवर्षका लागि कुलसचिवले काज सरूवा गर्न सक्नेछ । उक्त अवधिभन्दा बढी काज सरूवा गर्न सकिनेछैन । सो अवधिभन्दा बढी राख्न आवश्यक भएमा दरबन्दी व्यवस्था गरी सरूवा गर्नुपर्नेछ । अन्यथा निज कर्मचारी आफ्नो पदाधिकार रहेको संस्थामा फर्किनुपर्नेछ ।

**(३) अन्य सरकारी वा गैरसरकारी संस्थामा काजमा पठाउन सकिनेः-**

(क) कुनै शिक्षक वा कर्मचारीलाई विश्वविद्यालयबाट निजको सहमतिमा नेपाल सरकार वा अन्य सङ्घ संस्थाहरूमा काजमा पठाउन सकिनेछ । यसरी काजमा पठाउँदा ३ महिनासम्मको लागि तलबी काज हुनेछ र तीन महिना भन्दा बढी अवधिका लागि काजमा पठाउनु-परेमा बेतलबी काजमा मात्र पठाउन सकिनेछ ।

(ख) उपनियम ३ (क) बमोजिम ३ महिनाभन्दा बढी अवधिका लागि काजमा पठाउँदा कुलपति वा नेपाल सरकारबाट नियुक्त हुने पदमा बाहेक अन्यत्र काजमा जाने शिक्षक वा कर्मचारीले काजमा रहेको संस्थाबाट प्राप्त गर्ने तलबको १०%(प्रतिशत) मा नघट्ने गरी निजको सेवा सुरक्षणका निमित्त उपदान, निवृत्तिभरण, औषधोपचार कोषमा रकम जम्मा गर्नुपर्नेछ । सो नगरेमा काजमा रहेको अवधि सेवाअवधिमा गणना गरिनेछैन ।

(ग) कर्मचारी सञ्चयकोषको हकमा निजले विश्वविद्यालयबाट पाउने मासिक तलबको १०% (प्रतिशत) बरावरको रकम कट्टा गरी सोही बराबरको रकम काजमा रहेको संस्थाबाट थप गरी पठाउनुपर्नेछ ।

(घ) उपनियम ३ (क) बमोजिम काजमा खटाउँदा शिक्षक तथा कर्मचारीहरूलाई कार्यकारि-परिषद्को निर्णयबाट काज खटाउन सकिनेछ, तर तीन महिनासम्मको लागि काज खटाउँदा उपकुलपतिको निर्णयबाट खटाउन सकिनेछ ।

## परिच्छेद - ६

## बिदा

२२. **बिदाको प्रकारः-** विश्वविद्यालयमा सेवारत शिक्षक तथा कर्मचारीलाई देहाय बमोजिमको बिदाको सुविधा प्रदान गर्न सकिनेछः-

(क) भैपरी आउने बिदा
(ख) चाडपर्व बिदा
(ग) बिरामी बिदा
(घ) घर बिदा
(ङ) प्रसूति बिदा
(च) प्रसूतिसेवा बिदा
(छ) बेतलबी बिदा
(ज) विशेष तलबी बिदा
(झ) क्रिया बिदा
(ञ) अध्ययन बिदा
(ट) आत्मोन्नति बिदा

२३. **भैपरी आउने बिदाः-** प्रत्येक शिक्षक तथा कर्मचारीलाई एक आर्थिक वर्षभित्र ८ दिनसम्म भैपरी आउने बिदा प्रदान गर्न सकिनेछ । यो बिदा दैवी र आकस्मिक काम परेको अवस्थामा बाहेक पूर्व-स्वीकृतिबिना बस्न पाइने छैन र यो बिदा सञ्चित गरी अर्को आर्थिक वर्षमा लिन पाइनेछैन । यो बिदा आधा दिन पनि लिन सकिनेछ ।

**द्रष्टव्यः-**आधा दिन भन्नाले कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म ३ महिनाको निम्ति अपरान्ह १.०० बजे र माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म अपराह्न १.३० बजे भन्ने सम्झनुपर्नेछ।

२४. **चाडपर्व बिदाः-** प्रत्येक शिक्षक तथा कर्मचारीलाई एक आर्थिक वर्षमा आफ्नो रीति-रिवाज, कुलधर्मअनुसार पर्व मनाउन ६ दिन चाडपर्व बिदा दिन सकिनेछ । यो बिदा सञ्चित गरी अर्को आर्थिक वर्षमा लिन पाइनेछैन।

२५ **बिरामी बिदाः-** (१) शिक्षक, कर्मचारीलाई एक वर्ष सेवाको लागि १५ दिन पूरा तलबी वा ३० दिन आधा तलबी बिरामी बिदा दिन सकिनेछ, तर ७ दिनभन्दा बढीको बिरामी बिदा बस्नेले मान्यता-प्राप्त चिकित्सकको बिरामीको प्रमाणपत्र पेस गर्नुपर्नेछ।





(२) बिरामी बिदा पाउने शिक्षक तथा कर्मचारीले जतिसुकै अवधिसम्म पनि सो बिदा सञ्चित गर्न सक्नेछ, तर एकपटकमा १२ महिना (एक वर्ष) भन्दा बढीको बिरामी बिदा दिइनेछैन । बेतलबी बिदामा बसेको अवधिको र विश्वविद्यालय बाहिरका निकायमा बेतलबी काजमा खटिएको अवधिभरको बिरामी बिदा दिइनेछैन ।

(३) कुनै शिक्षक वा कर्मचारीले सेवा छाड्नुभन्दा पहिलेसम्म सञ्चित गरेको बिरामी बिदाको रकम सेवा छाडेपछि छाड्दाको अवस्थामा खाईपाई आएको तलबको दरले पाउनेछ ।

(४) कुनै ठूलो वा कडा रोग लागी उपचार गर्न शिक्षक वा कर्मचारीले सञ्चित गरेको बिदाबाट नपुग भएमा बिरामी बिदा तथा घर बिदाबाट कट्टा हुनेगरी ४५ दिनसम्मको थप बिरामी बिदा पेश्कीस्वरूप लिनसक्नेछ ।

(५) उपनियम (४) बमोजिम लिएको बिदा समेतबाट अपुग भई थप बिदा लिनुपरेमा कार्यकारि-परिषद्ले तोकेका चिकित्सकको सिफारिसमा शिक्षक वा कर्मचारीले बेतलबी बिदावाट कट्टा हुनेगरी बढीमा १ वर्षसम्मको बिरामी बिदा पाउन सक्नेछ ।

(६) सावधिक पदमा नियुक्त हुने पदाधिकारीसम्बन्धी नियममा जेसुकै कुरा लेखिएको भएता पनि विश्वविद्यालयको कुनै पनि सावधिक पदमा नियुक्त विश्वविद्यालयका शिक्षक वा कर्मचारीले सो पदमा काम गरेको अवधिभर वार्षिक १५ दिनको दरले बिरामी बिदा पाउन सक्नेछ ।

(७) सेवामा छँदै कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा निजको सञ्चित बिरामी बिदाको रकम मृत्यु हुँदाका अवस्थाको खाईपाई आएको तलबको दरले निजको नजिकको हकवालालाई दिइनेछ ।

२६. **घर बिदाः-** १ बर्षे वा हिउँदे बिदा नपाउने कर्मचारीले वर्षको ३० दिन घर बिदा पाउनेछन् । घर बिदामा वस्ने कर्मचारीले बिदामा बस्नुपूर्व स्वीकृति लिनुपर्नेछ । आफू कार्यरत रहेको जिल्लाबाहेक वर्षको १ पटक घर जाँदा र फर्कँदा मात्र बाटाको म्याद पाउनेछ । पैदल यात्रा गर्नुपर्ने भए प्रतिदिनको आठ कोषको हिसावले बाटाको म्याद दिइनेछ, तर यस्तो बाटाको म्याद लिई जाँदा पाउने बाटाको म्यादभन्दा कम घर बिदा लिन पाइनेछैन । आफू कार्यरत निकाय एवम् नागरिकता एउटै जिल्लाको भए त्यस अवस्थामा बाटाको म्याद उपलब्ध हुनेछैन ।

यसरी आत्मोन्नति बिदामा बसेका शिक्षकले नेपाल सरकारको कुनै निकाय, सरकारी तथा गैरसरकारी सङ्घ संस्थामा आर्थिक लाभको काममा सम्मिलित हुन पाउनेछैन ।

(३) आत्मोन्नति बिदा सञ्चित हुनेछैन र यो बिदा लगातार ५ वर्षसम्म सेवा पूरा गरिसकेपछि मात्र प्राप्त हुन सक्नेछ । एक पटकमा एक बर्षको भन्दा बढी अवधिको बिदा दिइनेछैन ।

(४) विश्वविद्यालयको सेवा अवधिभर कुनै शिक्षक आत्मोन्नति बिदामा नबसी निवृत्तिभरण पाउने गरी निवृत्त भएमा आफूले खाईपाई आएको ५ महिनाको तलब बराबरको रकम एकमुष्ट पाउनेछ । यसरी प्राप्त हुने रकम कुनै कारणवश शिक्षकले प्राप्त नगरिसकेको अवस्था रहेमा स्वयंम् वा निजका हकवालालाई दिइनेछ । सो बिदा एक वा दुईपटक उपभोग गरिसकेका शिक्षकहरूका हकमा आत्मोन्नति बिदा बसेको पटक कटाई बाँकी पटकको लागि पाँचमहिनाको तलबको दरमा दामासाहीले हुने रकम दिइनेछ ।

(५) कुनै वैदिशिक वा अन्तर्राष्ट्रिय नियोग, शैक्षिक संस्था वा विश्वविद्यालयबाट प्राप्त फेलोसिप, भिजिटिङ प्रोफेसरसिप तथा यस किसिमको सम्मानित निमन्त्रणामा शैक्षिक तथा प्राज्ञिक उद्देश्यका लागि जान इच्छुक शिक्षकहरूलाई अवस्था र औचित्य हेरी कार्यकारि-परिषद्ले नियमानुसारको आत्मोन्नति बिदाको स्वीकृति दिन सक्नेछ ।

(६) विश्वविद्यालयका केन्द्रीय पदाधिकारीहरूले आफ्नो पदावधि समाप्त भएपछि नियमानुसारको आत्मोनति बिदा बस्न चाहेमा र निजले अध्ययन अनुसन्धान गर्न चाहेको प्रस्ताव कार्यकारि-परिषद्मा पेस गरेमा कार्यकारि-परिषद्ले औचित्य हेरी माथिको प्रक्रियाबिना निजलाई आत्मोन्नति बिदाको स्वीकृति दिन सक्नेछ, तर आत्मोन्नति बिदा बसिसकेपछि यो अवधिमा भएको कार्य-सम्पादन प्रतिवेदन पेस गर्नु अनिवार्य हुनेछ । कार्यकारि-परिषद्ले चाहेमा प्रतिवेदनको मूल्याङ्कन पनि गराउन सक्नेछ ।

३४. **बिदा सञ्चित हुनेः-** विश्वविद्यालयको कुनै शिक्षक वा कर्मचारी अटुट सेवामा रहँदा रहँदै एक पदबाट अर्को पदमा बढुवा वा सेवापरिवर्तन भएमा साविक पदमा रहँदाको सबै सञ्चित बिदा नयाँ पदमा बहाल गरी सञ्चित भएको बिदामा जोडिनेछ ।





पछाडि गरी ६० दिनको पूरा तलबी प्रसूति बिदा र सो भन्दा कम अवधिको अटुट सेवा भए आधा तलबी प्रसूति बिदा दिइनेछ । उक्त बिदा सेवावधिभर मा २ पटकभन्दा बढी दिइनेछैन ।

२८. **प्रसूतिसेवा बिदाः-** विश्वविद्यालयमा कार्यरत पुरुषशिक्षक वा कर्मचारीकी पत्नी प्रसूति भएमा त्यस्ता शिक्षक वा कर्मचारीलाई सेवा अवधिभर २ पटक प्रसूति हुनुभन्दा अघिपछि गरी ७ दिनको प्रसूतिसेवा बिदा दिन सकिनेछ । सो बिदा लिने शिक्षक तथा कर्मचारीले शिशु जन्मेको एक महिनाभित्र जन्मदर्ता प्रमाणपत्र प्रस्तुत गर्नुपर्नेछ।

२९. **बेतलबी बिदाः-** कुनै बिदा बाँकी नरहेका शिक्षक वा कर्मचारीले बेतलबी बिदा पाउन निवेदन गरेको अवस्थामा स्थायी शिक्षक वा कर्मचारीलाई सम्पूर्ण सेवा अवधिमा अधिकतम ३ वर्षको र अस्थायी शिक्षक वा कर्मचारीलाई एक महिना (३० दिन) सम्मको बेतलबी बिदा दिन सकिनेछ ।

३०. **विशेष तलबी बिदाः-** विश्वविद्यालयमा ३ वर्ष स्थायी सेवा पूरा गरिसकेका कर्मचारीले १ महिनाको पूरा तलबी बिदा पाउनेछन् । विशेष तलबी बिदा जतिसुकै समयसम्म पनि सञ्चित रहन सक्नेछ । यो बिदा एक पटकमा ३० दिनभन्दा कम र एकवर्षभन्दा बढी बस्न पाइनेछैन । यो बिदा उपभोग नगरेका कर्मचारीले निवृत्तिभरण पाउने गरी सेवानिवृत्त हुँदा आनुपातिक हिसावमा बढीमा ५ महिनाको खाईपाई आएको तलब बराबरको रकम पाउनेछ । साथै यो बिदा आंशिक रूपमा उपभोग गरिसकेको कर्मचारीको हकमा निवृत्तिभरण पाउने गरी सेवा-निवृत्त भएको अवस्थामा निजले सो बिदा उपभोग नगरेवापत् निजको विश्वविद्यालय सेवाको आनुपातिक हिसावमा बढीमा ५ (पाँच) महिनाको खाईपाई आएको तलब दिन सकिनेछ ।

३१. **क्रिया बिदाः-** कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीको बाबु, आमा, लोग्ने वा स्वास्नी, सासू-ससुरा, छोरा वा अविवाहिता छोरी मरेको अवस्थामा वा कुलधर्म-अनुसार आफै क्रिया बस्नु परेमा १५ दिनको पूरा तलबी क्रिया बिदा दिइनेछ। अविवाहिता महिला-शिक्षक वा कर्मचारीलाई बाबु वा आमा मर्दा १५ दिनसम्मको क्रिया बिदा दिइनेछ। यो बिदा बस्ने शिक्षक वा कर्मचारीले बिदा भुक्तान भएपछि मृत्युदर्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ ।

३२. **अध्ययन बिदाः-** (१) विश्वविद्यालयको स्थायी सेवामा भएका कुनै पनि शिक्षक वा कर्मचारीलाई अध्ययन बिदा दिन सकिनेछ तर यो अध्ययन बिदा पाउनको लागि विश्वविद्यालयमा कम्तीमा ३ वर्ष स्थायी सेवा पूरा गरिसकेको

हुनुपर्नेछ। अध्ययन बिदा लिन चाहने शिक्षक वा कर्मचारीले शिक्षाध्यक्ष कार्यालयमा निवेदन दिनुपर्नेछ। कर्मचारीका लागि बिदाको प्रस्ताव कार्यकारि परिषद्मा पेस गर्नुपूर्व कुलसचिवको राय लिनुपर्नेछ ।

(२) स्वैच्छिक कार्यक्रमअन्तर्गत अध्ययन गर्नेमा विश्वविद्यालयलाई लाभदायक हुने अध्ययन कार्यक्रमको निमित्त मात्र अध्ययन बिदा दिइनेछ । यस्तो बिदाको लागि निवेदन दिँदा सम्बन्धित निकायका अख्तियारवालाको सिफारिस आवश्यक रहनेछ । अध्ययन गर्न चाहनेले ३ महिना अगाडि आफ्नो कार्यक्रमको विवरण पेस गर्नुपर्नेछ । यस प्रकारको अध्ययन बिदा बस्दा विश्वविद्यालयले स्वीकृति दिएको निकायमा अध्ययन गर्नुपर्नेछ ।

(३) विश्वविद्यालयले माग गरी प्राप्त गरेको वा विश्वविद्यालयको निमित्त प्राप्त भएको शैक्षिक कोटामा वा वैदेशिक छात्रवृत्तिमा विश्वविद्यालयबाट मनोनीत भएको वा वृत्ति विकासअन्तर्गतको कोटामा परेका शिक्षक वा कर्मचारीलाई एक शैक्षिक वर्षभन्दा बढी अवधिको लागि अध्ययन गर्न पठाइने भएमा अध्ययन बिदा दिइनेछ । यो बिदा शैक्षिक उपाधिको लागि अध्ययनमा जाने भएमा वा तालिमका रूपमा मात्र भएमा अध्ययन काज हुनेछ । यस्तो अध्ययन काजमा जाने व्यक्तिको दैनिक भ्रमणभत्ता वा अन्य आर्थिक सुविधा कार्यकारि-परिषद्ले तोकेबमोजिम हुनेछ ।

(४) अध्ययन बिदा सेवा अवधिभर ५ वर्षसम्म प्रदान गर्न सकिनेछ, तर यस्तो बिदा एक पटकमा सामान्यतः ३ वर्षभन्दा बढी पाइनेछैन । अध्ययन पूरा गर्न बिदा थप गर्नुपर्ने भएमा पूरा गर्न नसकेको कारण दर्शाई आफ्नो अध्ययनको प्रगति विवरणका साथ औचित्यपूर्ण कारण दर्शाई आवेदन दिएमा कार्यकारि-परिषद्लाई सोको औचित्य लागेमा पुनः २ बर्षसम्म थप गर्न सक्नेछ ।

(५) यस्तो अध्ययन बिदा पाएका शिक्षक वा कर्मचारीले कम्तीमा देहायको अवधिसम्म विश्वविद्यालय सेवामा रही काम गर्नुपर्नेछ र सोही अनुसार बिदा बस्नुपूर्व तोकिएबमोजिम कबुलियत गर्नुपर्नेछः-

(क) एक वर्षभन्दा बढी ३ वर्षसम्मको अध्ययन बिदा उपभोग गर्ने शिक्षक वा कर्मचारीले कम्तीमा ३ बर्ष ।

(ख) ३ वर्षदेखि ५ वर्षसम्मको अध्ययन बिदा उपभोग गर्ने शिक्षक वा कर्मचारीले कम्तीमा ५ वर्ष ।

(६) अध्ययन बिदा बसी अध्ययन गरिरहेका शिक्षक वा कर्मचारीले आफ्नो





अध्ययनको क्रममा हेलचेक्र्याइँ गरेमा वा अध्ययनको प्रगति सन्तोषजनक नभएको पाइएमा निजलाई विश्वविद्यालयले बिदा रद्द गरी फिर्ता बोलाउन सक्नेछ ।

(७) माथि उल्लेख भएबमोजिम अध्ययन बिदामा बसेका शिक्षक वा कर्मचारीले आफ्नो शैक्षिक प्रगति विवरण शैक्षिक प्रशासनमार्फत् कार्यकारि-परिषद्मा ६-६ महिनामा पेस गर्नुपर्नेछ ।

(८) अध्ययन बिदामा बसेका शिक्षक वा कर्मचारीहरूको अध्ययन अवधिभर बिरामी बिदा सञ्चित रहिरहनेछ ।

(९) अध्ययन बिदामा बसेका शिक्षक वा कर्मचारीहरूले अध्ययन अबधिभर अन्य कुनै आर्थिक लाभ हुने काम गर्न पाइनेछैन ।

(१०) यस नियमले प्रदत्त सम्पूर्ण बिदा उपभोग गरिसकेर पनि कुनै शिक्षक वा कर्मचारी आफ्नो कार्यालयमा हाजिर हुन नआएमा त्यस्ता शिक्षक वा कर्मचारीलाई सेवाबाट हटाउन र अध्ययनको क्रममा निजले प्राप्त गरेको तलब र लागेको खर्च रकम विश्वविद्यालयले असुल-उपर गर्न सक्नेछ ।

(११) अध्ययन बिदामा बसेका शिक्षक वा कर्मचारीले अध्ययन बिदा अवधिभरको पूरा तलब र वार्षिक रूपमा प्राप्त हुने ग्रेडवृद्धि पाई नै रहनेछ ।

३३. **आत्मोन्नति बिदाः-** (१) विश्वविद्यालयमा स्थायी सेवामा रही लगातार ५ वर्षको सेवा पूरा गरिसकेका शिक्षकलाई विश्वविद्यालयको काममा बाधा नपर्ने गरी अनुसन्धानको काम गर्न वा शैक्षिक योग्यता बढाउन कार्यकारि-परिषद्ले एकवर्षको आत्मोन्नति बिदा प्रदान गर्न सक्नेछ । यस्तो बिदा स्वीकृत हुनुभन्दा पहिले आत्मोन्नति बिदा बस्ने शिक्षकले आफूले गर्ने अनुसन्धानको विषय र कार्यको रूपरेखा वा पाठ्यपुस्तक आदि लेख्ने विषयवस्तुको विवरण आफ्नो शिक्षण विभागप्रमुखको सिफारिसमा प्राचार्यमार्फत् शिक्षाध्यक्षसमक्ष पेस गर्नुपर्नेछ र शिक्षाध्यक्ष कार्यालयले औचित्यको छानबिन गरी रायसहित स्वीकृतिका लागि कार्यकारि-परिषद्मा प्रस्तुत गर्नेछ ।

(२) यस्तो बिदामा बस्ने शिक्षकले प्रत्येक ३ महिनामा आफ्नो कार्य प्रगतिविवरण, कार्यसम्पादन भएको प्रतिवेदन शिक्षाध्यक्षमार्फत् कार्यकारि-परिषद्मा पेस गर्नुपर्दछ। आत्मोन्नति बिदामा बसी गरेको कामको प्राप्तप्रगति विवरणलाई कार्यकारि-परिषद्ले ३ जनासम्मको विशेषज्ञको टोली गठन गरी मूल्याङ्कन गराउनेछ । टोलीको सुझाव मान्न बिदामा बसेका शिक्षकलाई अनिवार्य हुनेछ।

(७) नियम ८३ बमोजिम निलम्बनमा परी सुविधा स्थगित रहेको अवधिभरको वा नियम २९ अनुसार बेतलबी बिदामा बसेको अवधिभरको वार्षिक तलववृद्धि (ग्रेड) दिइनेछैन र उक्त अवधि पदोन्नति एवम् नियम ६५ को प्रयोजनका लागि पनि गणना गरिनेछैन ।

(८) नियम १२ अनुसार निमित्त भई कामकाज गर्न तोकिएको कर्मचारी लगातार ३० दिनभन्दा बढी कार्यालयमा अनुपस्थित रहेमा वा ३० दिनभन्दा बढी नियमानुसार पाउने बिदा बसेमा बिदा बसेकै मितिदेखि निजको निमित्त स्वतः हटेको मानिनेछ, तर एक वर्ष वा सोभन्दा बढी अवधि कायममुकायम वा निमित्त भई काम गरेको सेवाअवधि माथिल्लो पदमा पदोन्नतिका लागि आवेदन दिने प्रयोजनका निमित्त गणना गरिनेछ ।

(९) निर्धारित कार्यालय समयका अतिरिक्त बढी समयमा कर्मचारीलाई काम गराउनु परेमा सोको कारणसमेत खोली अख्तियारवालाको स्वीकृतिमा काम लगाउन सकिनेछ । यसरी काममा लगाएबापत् काम गर्ने कर्मचारीलाई तोकेबमोजिम अतिरिक्त सुविधा दिइनेछ ।

(१०) विश्वविद्यालय सेवामा रहेका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूलाई निजले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्वखर्चको रूपमा दिइनेछ, तर चाडपर्वभन्दा अघि कम्तीमा ६ महिनाको सेवा पूरा नभएका अस्थायी शिक्षक वा कर्मचारीलाई पेश्कीको रूपमा चाडपर्वखर्च दिइनेछ र ६ महिनाभन्दा कम अवधि सेवा गरी छोडेमा सो रकम सम्बन्धित शिक्षक वा कर्मचारीबाट असुल गरिनेछ ।

(११) चाडपर्व बिदाभित्र कुनै शिक्षक, कर्मचारी सेवानिवृत्त हुने रहेछ भने त्यस्ता शिक्षक, कर्मचारीलाई तलबअनुसारको चाडपर्व खर्च दिइनेछ तर चाडपर्व बिदा हुनुपूर्व नै सेवानिवृत्त हुने भएमा निवृत्तिभरण अनुसार नै चाडपर्व खर्च दिइनेछ ।

**४०. औषधोपचार खर्चः-** विश्वविद्यालयका स्थायी शिक्षक तथा कर्मचारीले विश्वविद्यालय सेवाअवधिभरमा देहायबमोजिम खाईपाई आएको तलब बराबर औषधोपचार खर्च पाउनेछन्:-

(१) सहायकप्राध्यापक, सहायक-प्रशासक वा सोभन्दा माथिका शिक्षक तथा कर्मचारीलाई १२ महिनाको खाईपाई आएको तलब बराबरको रकम ।



**३५. शिक्षक, कर्मचारी लगातार अनुपस्थित हुँदा गरिने कारबाहीः-**

विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले यस नियममा व्यवस्था गरिएबमोजिमका बिदाको पूर्वस्वीकृति नलिई लगातार ३० दिनसम्म बिनासूचना अनुपस्थित भएमा त्यस्ता व्यक्तिलाई पहिलो पटक ३० दिन म्याद दिई घर ठेगानामा पत्राचार गरी हाजिर हुन आउन सूचना गरिनेछ । सो म्यादभित्र नआएमा १५ दिनको म्याद दिई पत्राचार गरिनेछ, सो अवधिभित्र पनि हाजिर हुन नआएमा सात दिनको म्याद दिई हाजिर हुन आउन सार्वजनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ । यसरी पत्राचार र सूचना प्रकाशित गर्दा पनि सम्बन्धित व्यक्ति उपस्थित हुन नआएमा कार्यालयप्रमुखले त्यस्ता व्यक्तिलाई सेवाबाट हटाउन आफूले कारबाही चलाएका कागजातसहित अग्रिम कारबाहीका लागि कुलसचिव कार्यालयमा पठाउनुपर्नेछ । यसरी प्राप्त सिफारिसमा विचार गरी कुलसचिवले अग्रिम कारबाहीका लागि कार्यकारि-परिषद्समक्ष प्रस्तुत गर्नुपर्नेछ । यसरी प्रस्तुत हुन आएका कागजातहरूमा विचार गरी सामान्यतया भविष्यमा योग्य वा अयोग्य हुने भन्ने बारेमा ठोस रूपमा किटानसाथ निर्णय गरी कार्यकारि-परिषद्ले नियम ७९ बमोजिम कारबाही गर्न सक्नेछ ।

**३६. बिदा उपभोग गर्न नपाउनेः-** (१) यस नियममा जुनसुकै कुरा लेखिएको भएता पनि अनिवार्य सेवा भनी तोकिएका कर्मचारीहरूले कुनै पनि सार्वजनिक बिदा उपभोग गर्न पाउनेछैनन्, तर सोबापत् निजहरूले एक आर्थिक बर्षमा ७० दिनको सट्टाबिदा पाउनेछन् । आर्थिक बर्षको अन्तमा उपभोग नगरी बाँकी रहेको सट्टाबिदाको रकम खाईपाई आएको तलबको दरमा दिइनेछ ।

(२) यस नियममा जुनसुकै कुरा लेखिएको भएता पनि विश्वविद्यालयको कुनै पनि सावधिक पदमा वा पदाधिकारीको पदमा नियुक्त विश्वविद्यालयका शिक्षक वा कर्मचारीले सो पदमा काम गरून्जेल नियम २२ को ग, ङ, च र झ बाहेक नियम २२ को क, ख, घ, छ, ज, ञ र ट सम्मका कुनै पनि बिदा उपभोग गर्न पाउनेछैन। तर सो अवधिमा निजले पाउनुपर्ने आफ्नो साविक पदको ग्रेडवृद्धि पाई नै रहनेछ ।

(३) देहायका पदहरूमा काम गर्ने कुनै कर्मचारीलाई कामको आवश्यकता विचार गरी केन्द्रीय कार्यालय र सम्पर्क कार्यालयमा कुलसचिव, सेवा आयोगको कार्यालयमा सेवा आयोगका अध्यक्ष, अनुसन्धान केन्द्रमा कार्यकारि-निर्देशक, परीक्षा नियन्त्रण कार्यालयमा परीक्षानियन्त्रक र विद्यापीठहरूमा प्राचार्यले अनिवार्य सेवा (यूटिलिटी सेवा) मा राख्न सक्नेछः-

(क) ड्राइभर, इलेक्ट्रिसियन, प्लम्बर, साक्षी, भण्डारे, भान्से, बगैंचे, चौकीदार, डोले, वार्डसेवक, टहलुवा, धोबी, कुचिकार र झारू ।

३७ **बिदा अधिकारको रूपमा नहुनेः-** बिदा अधिकारको रूपमा नभई सहुलियत मात्र मानिनेछ । बिरामी बिदा, क्रिया बिदा र प्रसूति बिदाबाहेक अन्य बिदा पूर्वस्वीकृतिविना बस्न पाइनेछैन ।

३८. **बिदा स्वीकृत गर्ने अधिकारीः-** तोकिएको अख्तियारवालाले बिदा स्वीकृत गर्न सक्नेछ ।





## परिच्छेद - ७

# तलब, भत्ता, अन्य खर्च र सुविधा

३९. **तलब, भत्ता, चाडपर्व-खर्च, औषधोपचार-खर्च तथा अन्य सुविधाहरूः-**

(१) विश्वविद्यालय सेवामा बहाल रहेका शिक्षक तथा कर्मचारीहरूले आफ्नो पदमा बहाली गरेको दिनदेखि बहाल गरेको पदको तलब, भत्ता र अन्य सुविधा पाउनेछन् ।

(२) विश्वविद्यालय सेवामा नियुक्त भएका शिक्षक तथा कर्मचारीहरूले विश्वविद्यालय सेवामा रही काम गरेबापत् पाउने तलब, भत्ता र अन्य सुविधा कार्यकारि-परिषद्ले समयसमयमा तोकेबमोजिम हुनेछ ।

(३) यस नियमको कुनै नियम वा उपनियमबमोजिम सजाय पाएको वा अन्यथा व्यवस्था भएकोमा बाहेक प्रत्येक शिक्षक तथा कर्मचारीले एक वर्षको सेवा पूरा गरेपछि वर्षको तलबवृद्धि एक (१) ग्रेड पाउनेछ । रोक्का भएको तलबवृद्धि फुकुवा भएमा सो तलबवृद्धिको मिति सम्बन्धित अधिकारीले लिखित रूपमा जनाइराख्नुपर्नेछ ।

(४) एक कार्यालय वा विद्यापीठबाट अर्को कार्यालय वा विद्यापीठमा सरूवा, बढुवा भएका शिक्षक वा कर्मचारीले साविक कार्यालय छोडी हालको कार्यालयमा बहाल गर्न जाँदा नियमबमोजिम पाउने तयारी एवम् बाटाको म्यादको निमित्त सरूवा, बढुवा भएको पदअनुसार हालको कार्यालयबाट तलब भत्ता पाउनेछ, तर एक कार्यालय वा विद्यापीठबाट अर्को कार्यालय वा विद्यापीठमा निश्चित अवधिका लागि काज सरूवा भई जाँदा बाटाको म्यादबाहेक तयारी म्याद दिइनेछैन र जाँदा लाग्ने नियमानुसारको यातायात खर्च (भ्रमण भत्ता) आफ्नो मात्र पाइनेछ । सरूवा भइ जाँदा भने नियमानुसार आफूमा आश्रित परिवार लाई लागेको भ्रमणखर्च मात्र प्राप्त हुनेछ ।

(५) विश्वविद्यालय सेवामा बहाल रहेका शिक्षक तथा कर्मचारीले प्रत्येक महिना समाप्त हुनुभन्दा साधारणतया बढीमा ५ दिनअगावै हाजिरीको आधारमा तलबभत्ताको भुक्तानी पाउनेछन् ।

(६) यो नियमबमोजिम बिदामा बस्दा वा अन्य अवस्थामा तलब नपाउने भनी स्पष्ट उल्लेख गरिएकोमा बाहेक शिक्षक तथा कर्मचारीले पाउने तलब सो शिक्षक तथा कर्मचारीले काम गरिरहेको वा बिदामा वसेको बखत पनि रोकिनेछैन ।

५६. **विदेशी नागरिक शिक्षकलाई पनि औषधोपचारको सुविधा उपलब्ध गराइनेः-** नियम ४० मा जेसुकै लेखिएको भएता पनि विश्वविद्यालयमा कार्यरत स्थायी नेपाली शिक्षकहरूले पाएसरहको औषधोपचार खर्च विश्वविद्यालयमा कार्यरत विदेशी नागरिक शिक्षकलाई पनि उपलब्ध गराइनेछ । यो सुविधा उपलब्ध गराउँदा निजले गरेको सेवाअवधिलाई हिसाब गरी त्यसबाट हुन आउने रकममा नियम ४९ अनुसार थप सुविधासमेत उपलब्ध गराइनेछ ।

५७. **लुगा भत्ताः-** (१) विश्वविद्यालय सेवामा रहेका ड्राइभर, इलेक्ट्रिसियन, फोरम्यान, प्लम्बर, चौकीदार र चौकीदार सरहका अन्य कर्मचारीहरूलाई वार्षिकरूपमा कार्यकारि-परिषद्ले तोकेबमोजिम लुगाभत्ता उपलब्ध गराइनेछ ।

यसरी लुगाभत्ता प्राप्त गर्ने कर्मचारीले तोकिएको युनिफर्म लगाई कार्यालयमा उपस्थित हुनुपर्नेछ ।

(२) ड्राइभर, चौकीदार, डोले र भान्छेपदका कर्मचारीहरूले दुई वर्ष बिराएर प्रति तेस्रो बर्षमा गरम सुटबापत कार्यकारि-परिषद्ले तोकेबमोजिमको रकम प्राप्त गर्नेछन् ।

(३) हेड पियन, हेड चौकीदार, हेड भान्छे र हेड ड्राइभर भई काम गर्नेलाई तोकिएबमोजिमको भत्ता प्राप्त हुनेछ ।

(४) अन्तर्राष्ट्रिय सम्मेलन वा बैठकमा विश्वविद्यालयको प्रतिनिधित्व गरी जाने पदाधिकारी, शिक्षक वा कर्मचारीलाई तोकिएबमोजिम लुगाभत्ता उपलब्ध हुनेछ ।

(५) उपनियम (४) बमोजिम लुगाभत्ता प्राप्त गरेको ब्यक्ति कुनै कारणले जान नपाएमा लुगाभत्तास्वरूप प्राप्त गरेको रकम एक वर्षभित्रमा बिनाब्याज फिर्ता बुझाउनुपर्नेछ ।

(६) उपनियम ४ बमोजिम एकपटक लुगाभत्ता प्राप्त गरेको ब्यक्तिले सो भत्ता पाएको मितिले तीन बर्ष भुक्तान नभई अर्को पटक लुगाभत्ता पाउनेछैन ।

५८. **स्थानीय भत्ताः-** नेपाल सरकारले दुर्गम भनी तोकेका जिल्लामा रहेका कार्यालय वा विद्यापीठमा गई सेवा गर्ने अन्य जिल्लामा स्थायी बसोबास भएका शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिएसरह स्थानीयभत्ता प्राप्त हुनेछ ।

५९. **दैनिक तथा भ्रमण भत्ताः-** पदाधिकारी, शिक्षक तथा कर्मचारीले विश्वविद्यालयको कामको सिलसिलामा भ्रमण गर्नुपर्दा पाउने दैनिक भ्रमणभत्ता र आवासभत्ता तथा अन्य सुविधा कार्यकारि-परिषद्ले तोकेबमोजिम प्राप्त हुनेछ ।



(२) हेड असिष्टेण्ट (वरिष्ट सहायक) लेखापाल वा सोसरहका कर्मचारीलाई १८ महिनाको खाईपाई आएको तलब बराबरको रकम ।

(३) ड्राइभर (सवारी चालक), टाइपिष्ट "ग" (टङ्कणक) वा सोसरह र सोभन्दा मुनिका सबै तहलाई २१ महिनाको खाईपाई आएको तलब बराबरको रकम।

(४) विश्वविद्यालयसेवा वा सरकारी सेवामा नरहेका ब्यक्ति विश्वविद्यालयको पदाधिकारीमा नियुक्त भएमा निजले खाईपाई आएको तलबको वर्षको दुई महिनाका दरले हुन आउने रकम बराबर औषधोपचार खर्च पाउनेछ र निजले पदमा वहाल रहँदा सोवापत् रकम लिएमा सो कटाई र नलिएमा पदावधि पूरा भई वा अन्य कुनै प्रकारले पदबाट अलग भएमा सो अनुसार आनुपातिक हिसावले हुन आउने रकम एकमुष्ट उपलब्ध गराइनेछ ।

४१. **उपचारमा लागेको खर्चको फाँटवारी पेस गर्नुपर्नेः-** शिक्षक तथा कर्मचारी वा निजका परिवारको कुनै सदस्य बिरामी भएमा नियम ४० बमोजिम पाउने रकममा नबढ्ने गरी देहायबमोजिम भएको औषधि-उपचार खर्च विश्वविद्यालयबाट दिइनेछ। बिरामी भएको कारणले औषधि- उपचार खर्च पाउनका लागि औषधि-उपचारमा लागेको खर्चको फाँटवारीसहित सम्बद्ध शिक्षक वा कर्मचारीले निवेदन दिनुपर्नेछ ।

४२. **लागेको खर्चका बिल पेस गर्नुपर्नेः-** रोगको उपचारका निमित्त स्वीकृत चिकित्सकले जाँच गर्दा लागेको शुल्क तथा जाँच गरी लेखिदिएको प्रेस्किप्सन अनुसार औषधी किनेको खर्च ।

४३. **स्वास्थ्य संस्थामा भर्ना हुँदाको खर्चः-** स्वास्थ्य संस्थामा भर्ना हुँदा र उपचार गराउँदा लागेको बिलबमोजिमको खर्च ।

४४. **चिरफार गर्दा लागेको बिलको खर्चः-** केमेष्ट्रिक (प्लाष्टिक) सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अप्रेसन) गर्दा लागेको बिलबमोजिमको खर्च ।

४५. **एकजना कुरूवाको यातायात र अन्य खर्चः-** आफ्नो घर वा डेरा छोडी अर्को जिल्ला वा विदेशमा गई औषधोपचार गराउँदा त्यस्तो स्थानमा पुग्दाको र फर्कदाको बिरामीको र कुरूवा चाहिने अवस्था भए एकजना कुरूवासमेतको यातायात खर्चको पूरै रकम र खाना खर्चवापत् सम्बन्धित शिक्षक कर्मचारीले

तोकिएबमोजिम पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

*स्पष्टीकरणः-*

(क) स्वीकृत चिकित्सक भन्नाले नेपाल मेडिकल काउन्सिल वा आयुर्वेद चिकित्सा परिषद्मा चिकित्सकको रूपमा दर्ता भएकोलाई जनाउँदछ।

(ख) चिकित्सकको प्रेस्क्रिप्सन र सो अनुसारको बिल छापिएको हुनुपर्नेछ । औषधि उपचार खर्च लिनुपरेमा सक्कल प्रेस्क्रिप्सन र बिल पेस गर्नुपर्नेछ ।

(ग) परिवारको सदस्य भन्नाले शिक्षक वा कर्मचारी आफैसँग बस्ने तथा आफैले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा वा धर्मपुत्र, अविवाहिता छोरी वा अविवाहिता धर्मपुत्री सम्झनुपर्दछ र आफैले पालनपोषण गर्नुपर्ने बाबु, आमा वा सौतेनी आमालाई समेत जनाउँछ ।

४६. **झुट्ठा प्रमाणित हुन आएमा कारबाही हुनेः-** औषधि-उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने शिक्षक तथा कर्मचारीले औषधि-उपचार खर्च लिएको व्यहोरा झुट्ठा प्रमाणित हुन आएमा त्यस्ता शिक्षक तथा कर्मचारी उपर नियमानुसार कारबाही हुनेछ ।

४७. **बिरामी बिदा बाँकी नभएमा अन्य बिदा लिन सकिनेः-** औषधी-उपचार खर्च प्राप्त गरेको शिक्षक तथा कर्मचारी कार्यालयमा हाजिर हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नुपर्नेछ। बिरामी बिदा बाँकी नभएमा मात्र अन्य बिदा लिन सकिनेछ ।

४८. **सेवा अवधिले हिसाब गरी उपचार खर्च दिइनेः-** बिरामी शिक्षक तथा कर्मचारीलाई औषधोपचारको रकम निकासा दिँदा बीस वर्षको अवधिलाई सेवाको पूरा अवधि मानी त्यसको अनुपातमा बिरामी हुने शिक्षक तथा कर्मचारीले गरेको सेवा अवधिले हिसाब गरी यस नियममा तोकिएको औषधिउपचार खर्च दिइनेछ ।

४९. **औषधोपचार वापत् थप रकम दिन सकिनेः-** भविष्यमा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अरू जुनसुकै कारणबाट स्थायी शिक्षक वा कर्मचारी सेवाबाट अलग भएको अवस्थामा सेवा अवधिभरमा पाउने औषधोपचार खर्चमध्ये केही रकम लिई वा नलिई औषधि-उपचार खर्च लिन बाँकी रहेको भए सो बाँकी रकम एकमुष्ट लिन पाउनेछ ।





तर तोकिएको सेवा अवधि पूरा गरेर निवृत्तिभरण पाउने गरी सेवाबाट अलग भएको शिक्षक तथा कर्मचारीले बाँकी रहेको रकम एकमुष्ट लिंदा बीस वर्ष सेवा गरेकालाई दश प्रतिशत, बीस वर्षभन्दा बढी पच्चीस वर्षसम्म सेवा गरेकालाई पन्ध्र प्रतिशत र पच्चीस वर्षभन्दा बढी सेवा गरेकालाई बीस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट दिइनेछ ।

५०. **औषधोपचारका लागि सेवा अवधिको गणनाः-** औषधोपचार खर्चका निमित्त सेवाअवधिको गणना गर्दा नियम ६५ बमोजिम सेवाअवधिको गणना गरिनेछ ।

५१. **समितिको गठन हुनेः-** औषधि-उपचारको खर्च उपलब्ध गराउने प्रयोजनका निमित्त देहायबमोजिमको एक सञ्चालक समिति गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | कुलसचिव | - | अध्यक्ष |
| (ख) | उपकुलपतिबाट मनोनीत मान्यताप्राप्त चिकित्सक एकजना - | | सदस्य |
| (ग) | उपकुलपतिबाट मनोनीत शिक्षक एकजना | - | सदस्य |
| (घ) | प्रमुख कर्मचारी प्रशासन | - | सदस्य |
| (ङ) | प्रमुख, आर्थिक प्रशासन | - | सदस्य-सचिव |

५२. **सदस्यहरूको पदावधि-ः** नियम ५१ बमोजमको समितिमा पदेन सदस्य बाहेक अन्य सदस्यहरूको पदावधि २ वर्षको हुनेछ । बैठकमा उपस्थित सदस्यहरूलाई तोकिएबमोजिमको बैठकभत्ता दिइनेछ ।

५३ **निर्णय बहुमतद्धारा हुनेः-** नियम ५१ बमोजिम गठित समितिको गणपूरक सङ्ख्या ४ हुनेछ। बैठकमा चिकित्सकको उपस्थिति अनिवार्य हुनेछ। समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा अध्यक्षको मत नै निर्णायक मत हुनेछ ।

५४. **समितिको सिफारिसबमोजिम हुनेः-** नियम ४० अनुसार शिक्षक तथा कर्मचारीले खर्च माग गरेमा नियम ५१ बमोजमको समितिको सिफारिसबमोजिम रकम उपलब्ध गराइनेछ ।

५५. **अभिलेख आर्थिक प्रशासन एवम् कर्मचारी प्रशासनमा राखिनेः-** औषधोपचार खर्चबापत् उपलब्ध गराइएको रकमको अभिलेख आर्थिक प्रशासन एवम् कर्मचारी प्रशासनमा राखिनेछ । त्यसको विवरण एकप्रति सम्बद्ध शिक्षक तथा कर्मचारीको व्यक्तिगत फाइलमा समेत राख्नुपर्नेछ ।

निवृत्तिभरण लिई सकेकोमा पुनः अर्को पदमा स्थायी नियुक्ति भएमा अवकाश, उपदान, औषधोपचार वा निवृत्तिभरणको प्रयोजनका निमित्त पहिलेको सेवा गणना गरिनेछैन ।

(३) विश्वविद्यालय सेवामा स्थायी नियुक्ति भई काम गरिरहेका कुनै प्रशासनिक कर्मचारी नियमानुसार शिक्षणतर्फ नियुक्ति भएमा निजले प्रशासनिक पदमा रही सेवा गरेबापत् पाउने उपदान वा औषधोपचार वा निवृत्तिभरण नलिएमा मात्र निजको सेवाअवधि उपदान, निवृत्तिभरण वा औषधोपचारको प्रयोजनका लागि शिक्षणतर्फ जोडी गणना गरिनेछ । यो नियम शिक्षणबाट प्रशासनतर्फ आउने शिक्षकलाई पनि लागू हुनेछ ।

(४) ऐनको दफा २३ अनुसार विद्यापीठमा परिणत भएका शिक्षण संस्थाहरूका शिक्षक र कर्मचारीहरू विश्वविद्यालयका सोही पदका शिक्षक वा कर्मचारी हुनेछन् । त्यस्ता पदमा रही काम गरिरहेका शिक्षक तथा कर्मचारीहरूले साविकमा पाउने गरेका सेवा-सर्तअनुसारका सबै सुविधाहरू विश्वविद्यालयमा सञ्चित रहेका मानिनेछन् ।

(५) तात्कालिक संस्कृत अध्ययन संस्थान वा अन्य संस्थाहरूमा सेवा गरी जुनसुकै कारणले सेवानिवृत्त भई सो पदको सुविधाबापत् उपदान, निवृत्तिभरण र औषधोपचार खर्च लिइसकेको शिक्षक वा कर्मचारी पुनः सोही पद वा अन्य कुनै पदमा स्थायी नियुक्ति भएमा त्यस्ता शिक्षक वा कर्मचारी सेवानिवृत्त हुँदा उपदान, निवृत्तिभरण र औषधोपचारको सुविधाको प्रयोजनका लागि साविकको सेवा जोडिनेछैन ।

५६. **उपदानः-** (१) ५ बर्ष वा सोभन्दा बढी सेवा गरेका, तर निवृत्तिभरण पाउने अवधि नपुगेका विश्वविद्यालयका स्थायी शिक्षक वा कर्मचारीले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई सेवा वा पदबाट अलग भएमा विश्वविद्यालय सेवाको निमित्त भविष्यमा अयोग्य नठहरिने गरी सेवा वा पदबाट हटाइएमा वा मृत्यु भएमा देहायका दरले उपदान पाउनेछन्ः-

(क) ५ बर्षदेखि १० बर्षसम्म विश्वविद्यालय सेवामा रहेका शिक्षक वा कर्मचारीले आफूले काम गरेको प्रत्येक बर्षको निमित्त खाईपाई आएको आखिरी महिनाको तलबको दरले आधा महिनाको तलब ।

(ख) १० बर्ष भन्दा बढी १५ बर्षसम्म विश्वविद्यालय सेवामा रहेका शिक्षक वा कर्मचारीले आफूले काम गरेको प्रत्येक बर्षको निमित्त



६०. **विश्वविद्यालय सेवा पदकको व्यवस्था :** विश्वविद्यालयमा कम्तीमा २५ वर्ष सेवा पूरा गरेका शिक्षक तथा कर्मचारीलाई कार्यकारि-परिषद्बाट तोकिएबमोजिमको विश्वविद्यालय दीर्घसेवा पदक, प्रमाणपत्र र नगद पुरस्कार समेत प्रदान गर्न सकिनेछ ।

६१. **दाहसंस्कार खर्चः-** विश्वविद्यालय सेवामा बहाल रहेको अवस्थामा कुनै वैतनिक पदाधिकारी, स्थायी, अस्थायी र करारसेवाका शिक्षक वा कर्मचारीको मृत्यु भएमा निजको दाहसंस्कारबापत् रु.१०,०००।- निज मृतक व्यक्तिको नजिकको हकदारलाई उपलब्ध गराइनेछ ।

६२. **मरणोपरान्त अनुदानः-** विश्वविद्यालय सेवाका स्थायी शिक्षक वा कर्मचारीको सेवामा छँदै मृत्यु भएमा देहायबमोजिमको रकम निजको नजिकको हकवालालाई एकमुष्ट दिइनेछ । नियम ६१ र ६२ को हकवालाको निर्धारण निवृत्तिभरण सम्बन्धी नियम अनुसार नै हुनेछः-

(क) पदाधिकारी, अधिकृत वा सोभन्दा माथिका शिक्षक तथा कर्मचारीहरूलाई - रु. २५,०००।-

(ख) अधिकृत तहभन्दा मुनि पियन वा सोसरह र सोभन्दा माथिका शिक्षक वा कर्मचारीहरूलाई - रु. २०,०००।-

(ग) पियन वा सोसरहका कर्मचारीहरूलाई - रु. १५,०००।-

# परिच्छेद - ८
## अवकाश, उपदान र निवृत्तिभरण

६३. **अनिवार्य अवकाशः-** (१) विश्वविद्यालयमा सेवारत शिक्षक तथा कर्मचारीलाई निजको उमेर ६३ वर्ष पूरा भएपछि सेवाबाट अनिवार्य अवकाश दिइनेछ ।

(२) प्रशासक, लेखानियन्त्रक वा सोसरहका पदको पदपूर्ति सेवा आयोगको सिफारिसमा कार्यकारि-परिषद्ले गर्नेछ ।

(३) प्रशासक वा सोसरहको पदमा ५ वर्षको सेवा गरिसकेपछि अनिवार्य अवकाश दिइनेछ, तर कार्यकारि-परिषद्लाई निजको सेवा आवश्यक छ भन्ने लागेमा उमेरको हद ननाघ्ने गरी एक पटकका लागि मात्र बढीमा २ वर्षसम्मको सेवाअवधि थप गर्न सकिनेछ ।

(४) नियम ६३ (१) र (३) बमोजिम अवकाशप्राप्त शिक्षक तथा कर्मचारीलाई विश्वविद्यालयअन्तर्गत सञ्चालन हुने आयोजनाहरूका रिक्त पदहरूमा करारमा नियुक्त गर्दा योग्यता र दक्षताको आधारमा प्राथमिकता दिन सकिनेछ।

(५) प्रशासकलाई तोकिएबमोजिमको सुविधा उपलब्ध हुनेछ ।

६४ **स्वैच्छिक अवकाशः-** (१) २० बर्षको स्थायी सेवा पूरा गरिसकेका विश्वविद्यालयका शिक्षक वा कर्मचारीले चाहेमा तोकिएको सुविधा लिई स्वैच्छिक अवकाश लिन सक्नेछन् ।

(२) यस नियममा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै पद वा श्रेणीमा कम्तीमा १५ वर्षसम्म स्थायी सेवामा वहाल रहिरहेको उपप्रशासक वा सो-सरह वा सोभन्दा मुनिको विश्वविद्यालय सेवाका कर्मचारीले अनिवार्य अवकाश पाउन एक महिना बाँकी भएमा त्यस्तो कर्मचारीलाई एकश्रेणी माथिको पदमा बढुवा गरिनेछ ।

(३) एउटै पदमा कम्तीमा १५ वर्षसम्म स्थायी सेवामा वहाल रहिरहेका उपप्रशासक वा सोसरह वा सोभन्दा मुनिका निवृत्तिभरण पाउने अवस्था भएका र उमेरको हद पचास वर्ष पूरा गरेका कर्मचारीले यस विश्वविद्यालयले स्वैच्छिक अवकाशको लागि सूचना निकालेको समयभित्र निवेदन दिएमा निजलाई एक श्रेणीमाथिको पदमा बढुवा गरी एक महिनाभित्र अवकाश दिइनेछ ।

(४) उपनियम (२) र (३) बमोजिम बढुवा गर्नका लागि स्वतः विशेष पद सिर्जना हुनेछ र त्यस्तो कर्मचारी सेवाबाट अवकाश भएपछि सो पद (साविक पद यथावत् रहने गरी) खारेज हुनेछ । यो बढुवासम्बन्धी विशेष ब्यवस्था श्रेणीविहीन





कर्मचारीहरूको हकमा लागू हुनेछैन ।

(५) माथि जुनसुकै कुरा लेखिएको भएता पनि एउटै पदमा यस नियमबमोजमको अवधि पूरा भएका कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवार लाई एक श्रेणीमाथिको पदको निवृत्तिभरण लगायतका अन्य सुविधा प्रदान गरिनेछ।

(६) उपनियम (१), (२), (३), (४) र (५) मा उल्लेख भएबमोजिम बढुवा गर्ने प्रयोजनका लागि नाम सिफारिस गर्न देहायबमोजिमको बढुवा समिति गठन हुनेछ र सोही समितिको सिफारिसमा कार्यकारि-परिषद्ले बढुवाको नियुक्ति प्रदान गर्नेछ ।

(क) सेवा आयोगका अध्यक्ष- अध्यक्ष

(ख) अध्यक्षबाट मनोनीत वरिष्ठ कर्मचारीहरूमध्येबाट एकजना- सदस्य

(ग) कर्मचारी प्रशासन प्रमुख- सदस्य-सचिव

(७) उपनियम (६) बमोजिम नाम सिफारिस गर्ने सम्बन्धी कार्यविधि बढुवा समितिले निर्धारण गरेअनुसार हुनेछ ।

६५. **सेवाअवधिको गणनाः-** (१) अवकाश, उपदान, निवृत्तिभरण र औषधोपचारको प्रयोजनका निमित्त सेवाअवधिको गणना गर्दा विश्वविद्यालय सेवामा अस्थायी सेवा वा करारसेवामा रही अटुट सेवा गरी स्थायी भएको र स्थायी नियुक्ति भई सेवा गरेको परीक्षणकालको अवधिलाई समेत गणना गरिनेछ । कुनै शिक्षक वा कर्मचारी विश्वविद्यालय सेवाको लागि अयोग्य हुने गरी बर्खास्त भएकोमा पछि कुनै कारणले सो अयोग्यता छुट्न गई वा अयोग्य नहुने गरी हटाइएकोमा फेरिनिज शिक्षक वा कर्मचारीको स्थायी नियुक्ति भएमा वा राजिनामा दिई विश्वविद्यालय सेवा छाडेको तर उपदान वा निवृत्तिभरण वा औषधोपचार नपाएको स्थितिमा मात्र फेरि विश्वविद्यालय सेवामा स्थायी नियुक्ति पाएमा वा विश्वविद्यालयको कुनै सङ्गठन वा निकायमा वा पद खारेजीमा परी पछि फेरि निज शिक्षक वा कर्मचारीको स्थायी नियुक्ति भएमा विश्वविद्यालय सेवामा त्यस्तो शिक्षक वा कर्मचारीको सेवा टुट भएको अवधि कटाई अघिको र पछिको समेत सेवा अवधि जोडिनेछ । अन्य संस्थामा गरेको अस्थायी वा करार वा मासिक ज्यालादारी सेवा र यस नियमको २८ बमोजमको बेतलबी बिदा बसेको अवधिलाई भने सेवाअवधिमा गणना गरिनेछैन ।

(२) विश्वविद्यालय सेवामा स्थायी नियुक्ति पाई काम गरिरहेको शिक्षक वा कर्मचारीले सो पदबाट राजिनामा दिई नियमानुसारको उपदान वा औषधोपचार वा

दिदी-बहिनी कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा सो शिक्षक वा कर्मचारीको परिवारको सदस्यमध्ये कानुनी हकवालालाई प्रदान गरिनेछ ।

***स्पष्टीकरण-:*** यस नियममा परिवार भन्नाले शिक्षक वा कर्मचारीको आफूसँग बस्ने तथा आफूले पालन-पोषण गर्नुपर्ने पति, पत्नी, छोरा वा धर्मपुत्र, अविवाहिता छोरी वा अविवाहिता धर्मपुत्री संम्झनुपर्छ र आफैले पालनपोषण गर्नुपर्ने आफ्नो बाबु, आमा वा सौतेनी आमा, नाबालक भाइ र अविबाहिता दिदी-बहिनीलाई जनाउँछ । विवाहिता महिला कर्मचारीको हकमा वैवाहिक सम्बन्ध कायम गरेको घरतर्फको पति, सासू, ससुरा वा सौतेनी सासू, नाबालक देवर, अविबाहिता आमाजू र नन्द भन्ने हुनेछ ।

७१. **असाधारण पारिवारिक वृत्तिः-** (१) स्थायी शिक्षक वा कर्मचारीको विश्वविद्यालयको कामको सिलसिलामा दुर्घटनामा परी तत्कालै मृत्यु भएमा वा त्यसको कारणबाट निको नभई त्यही कारणले मृत्यु भएमा निजको विधुर पति वा विधवा पत्नीलाई छुट्टै आजीवन पारिवारिक वृत्ति प्रदान गरिनेछ । यो आजीवन पारिवारिक वृत्ति मृतक कार्यरत रहँदाको पदको तलब स्केलको सुरू अङ्कको एक-चौथाई रकम मात्र हुनेछ ।

(२) विधुर पति वा विधवा पत्नीलाई देहायबमोजिमका अवस्थामा मान्यता दिइनेछः-

(क) विश्वविद्यालयको सेवाको कारणबाट मृत्यु हुने घटना घट्नु अघि शिक्षक वा कर्मचारीसँग वैवाहिक सम्बन्ध कायम भइसकेको हुनुपर्नेछ।

(ख) शिक्षक वा कर्मचारीको मृत्यु भएको समयमा निजसँग नछुट्टिएको हुनुपर्नेछ ।

(३) विधुर पति वा विधवा पत्नी कुनै नभएमा वा पति वा पत्नीको मृत्युअघि निजबाट छुट्टिसकेको भएमा वा विधवा पत्नीको पुनर्विवाह भएमा पुनर्विवाह हुनुभन्दा अघिको पतिबाट जन्मेका १६ वर्षभन्दा कम उमेरका सन्तति वा धर्मपुत्र, अविवाहिता धर्मपुत्री रहेछन् भने निजहरूको गुजाराको निमित्त विश्वविद्यालयले उचित ठहऱ्याएको अवधिसम्मको लागि दामासाहीले विधुर पति वा विधवा पत्नीले पाउने पारिवारिक वृत्तिको दुईतिहाईमा नबढ्ने गरी मनासिव ठहरिन आएको दरले पारिवारिक वृत्ति प्रदान गर्न सक्नेछ ।

(४) मृत शिक्षक वा कर्मचारीका विधुर पति वा विधवा पत्नी, सन्तति वा धर्मपुत्र, धर्मपुत्री रहेनछन् र निज शिक्षक वा कर्मचारीका आश्रित आमा, बाबु दुवै वा दुईमध्ये एक रहेछन् भने निजहरूको गुजाराको निमित्त विश्वविद्यालयले





खाईपाई आएको आखिरी महिनाको तलबको दरले एक महिनाको तलब ।

(ग) १५ बर्षभन्दा बढी २० बर्षपूरा नभएसम्म विश्वविद्यालय सेवामा रहेका शिक्षक वा कर्मचारीले आफूले काम गरेको प्रत्येक बर्षको निमित्त खाईपाई आएको आखिरी महिनाको तलबको दरले डेढ महिनाको तलब ।

यसरी उपदानको रकम दिंदा शिक्षक, कर्मचारीको सेवाअवधिको महिना, दिनसमेत गणना गरी सोही अनुपातमा दिइनेछ ।

(घ) यस नियमको खण्ड क, ख र ग अनुसार उपदानको रकम शिक्षक वा कर्मचारी अवकाश हुँदाको अवस्थामा विश्वविद्यालयका प्राध्यापकको प्रचलित तलब स्केलको सुरू तलब अङ्कको हिसाबले हुने क्रमशः (क) अनुसार ६ महिना, (ख) अनुसार १२ महिना र (ग) अनुसार १८ महिनाको तलबभन्दा बढी हुनेछैन ।

२) विश्वविद्यालयलाई कार्यालय वा पद नै नचाहिने भई कार्यालय वा पद खारेजीमा परेको वा शारीरिक वा मानसिक अस्वस्थताले विश्वविद्यालयमा सेवा गर्न असमर्थ भएको भन्ने प्रमाणित भएका शिक्षक वा कर्मचारीले कम्तीमा ३ बर्ष पूरा स्थायी सेवा गरिसकेको रहेछ र निजको सेवाको जम्मा अवधिमा ५ बर्ष थपेमा निवृत्तिभरण पाउने अवधि पुग्दैन भने खारेजीमा परेका वा शारीरिक वा मानसिक अस्वस्थताको कारणले विश्वविद्यालयको सेवा गर्न असमर्थ भएको अवधिसम्मको निजको सेवाको जम्मा ५ वर्ष थपी हुन आउने अवधिको हिसाबले निजलाई नियमबमोजिमको उपदान दिइनेछ ।

(३) परीक्षणकाल हटी स्थायी सेवामा कार्यरत शिक्षक वा कर्मचारी विश्वविद्यालय सेवामा रहँदै मृत्यु भएमा निजको सेवाको जम्मा अवधिमा बढीमा ५ वर्ष थपेमा पनि निवृत्तभरण पाउने अवधि पुग्दैन भने त्यस्ता शिक्षक वा कर्मचारीको सेवाअवधिमा बढीमा ५ वर्ष थपी हुन आउने अवधिको हिसाबले निजको परिवार वा नजिकको हकवालालाई यस नियमबमोजिमको उपदान दिइनेछ ।

(४) यस विश्वविद्यालयको सेवामा प्रवेश गर्नको लागि कुनै शिक्षक वा कर्मचारीले आफ्नो शैक्षिक योग्यता, नाम, थर, वतन वा नागरिकता आदि ढाँटेको प्रमाणित हुन आएमा निजलाई उपदान दिइनेछैन, तर कसूर प्रमाणित हुनुभन्दा अगाडि खाईपाई आएको रकम भने फिर्ता गर्नुपर्नेछैन ।

६७. **निवृत्तिभरणः-** (१) २० वर्ष वा सोभन्दा बढी विश्वविद्यालयमा स्थायी सेवा गरेका शिक्षक वा कर्मचारीहरूले अवकाश प्राप्त गरेको मितिदेखि देहायबमोजिमको मासिक निवृत्तिभरण पाउनेछन्ः-

जम्मा सेवावर्ष × आखिरी तलबको रकम
―――――――――――――――
५०

(२) यसरी निवृत्तिभरण पाउने शिक्षक वा कर्मचारीको निवृत्तिभरणको मासिक रकम उसले खाईपाई आएको तलबको आधा रकमभन्दा कम हुनेछैन र अधिकतम निवृत्तिभरणको हद समान पदको बहालवाला शिक्षक तथा कर्मचारीको मासिक तलब स्केलभन्दा बढी हुनेछैन ।

(३) विश्वविद्यालयलाई कार्यालय वा पद नै नचाहिने भई खारेजीमा परेका वा शारीरिक वा मानसिक अस्वस्थताको कारणले सेवा गर्न असमर्थ भएको भनी सप्रमाण राजिनामा दिई सेवा छाडेका वा सेवाकालमा निधन भएका कुनै शिक्षक वा कर्मचारीको सेवाको जम्मा अवधिमा अनिवार्य अवकाश पाउन उमेरको हद बाँकी भएमा मात्र बढीमा ५ वर्षसम्म थपेमा निवृत्तिभरण पाउन सक्ने अवधि पुग्ने रहेछ भने त्यस्ता शिक्षक वा कर्मचारीको जम्मा सेवाअवधिमा निवृत्तिभरण पाउन सक्ने अवधि पुऱ्याउन बढीमा ५ वर्षसम्म थप्न सकिनेछ ।

६८. **निवृत्तिभरण पाउन नसक्नेः-** (१) नियम ६५ को उपनियम (५) बमोजिम विश्वविद्यालय सेवामा प्रवेश पाएका शिक्षक वा कर्मचारीबाहेक विश्वविद्यालयको छनौट समिति वा सेवा आयोगबाट सिफारिस नभई नियुक्त भएको कुनै शिक्षक वा कर्मचारीले निवृत्तिभरण पाउनेछैन ।

(२) भविष्यमा विश्वविद्यालयको सेवाको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएका विश्वविद्यालयका शिक्षक तथा कर्मचारीले निवृत्तिभरण पाउन सक्नेछैन ।

(३) विश्वविद्यालयको कुनै पदमा अघि गरेको सेवाबापत् निवृत्तिभरण पाइरहेको ब्यक्ति पछि विश्वविद्यालयको शिक्षक वा कर्मचारीको पदमा नियुक्त भएमा निजले पछि गरेको सेवाबापत् निवृत्तिभरण पाउनेछैन ।

(४) कसैले विश्वविद्यालयको सेवामा प्रवेश पाउने वा सो नोकरीमा बहाल रहने उद्देश्यले शैक्षिक योग्यता, उमेर, नाम, वतन, नागरिकता ढाँटेको प्रमाणित भएमा निजलाई निवृत्तिभरण दिइनेछैन तर कसूर प्रमाणित हुनुअगावै खाइपाइसकेको रकम फिर्ता गर्नुपर्नेछैन ।





६९. **निवृत्तिभरणमा वृद्धिः-** (१) बहालवाला शिक्षक वा कर्मचारीको तलबवृद्धि हुँदा तलबको सुरू अङ्कमा जति वृद्धि भएको छ त्यसको दुईतिहाई रकम समान पदमा निवृत्त भएका शिक्षक वा कर्मचारीको निवृत्तिभरण रकममा पनि वृद्धि गरिनेछ ।

(२) विश्वविद्यालयबाट सेवानिवृत्त भएका शिक्षक वा कर्मचारीलाई खाईपाई आएको मासिक निवृत्तिभरण बराबरको रकम चाडपर्व खर्चबापत् प्रदान गरिनेछ ।

(३) निवृत्तिभरण पाउने गरी सेवानिवृत्त भएका शिक्षक वा कर्मचारीको उमेर ७५ वर्ष पूरा भएपछि निज जीवितै रहेको अवस्थामा निजले प्राप्त गर्दै आएको मासिक निवृत्तिभरण रकममा १० प्रतिशतले हुने रकम थप गरिदिइनेछ । यस्तो थप रकम निवृत्तिभरण प्राप्त गर्ने शिक्षक वा कर्मचारीको हकवालालाई भने प्राप्त हुनेछैन ।

(४) उपनियम ३ बमोजिम रकम थप हुँदा अधिकतम निवृत्तिभरणको हद समान पदको बहालवाला शिक्षक तथा कर्मचारीको मासिक तलब स्केलभन्दा बढी हुनेछैन ।

**७०. पारिवारिक निवृत्तिभरणः-** (१) विश्वविद्यालयको सेवामा छँदै कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा वा निवृत्तिभरण पाउन थालेको ७ वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवार वा नाबालक भाइ वा अविवाहिता दिदी-बहिनीलाई नियमानुसार वृद्धि हुने भए सोसमेत दिइनेछ तर यस्तो निवृत्तिभरण ७ बर्षभन्दा बढी समयलाई प्राप्त हुनेछैन ।

(२) विश्वविद्यालयको शिक्षक वा कर्मचारीको विधवा पत्नी वा विधुर पतिले निजको पति वा पत्नी सेवामा छँदै वा निवृत्तिभरण पाउन थालेको ७ वर्ष नपुग्दै उपनियम (१) बमोजिम पारिवारिक निवृत्तिभरण पाउने भएमा सो निवृत्तिभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तिभरण नपाउने भएमा निजको पति वा पत्नीले निवृत्तिभरण पाउन थालेको ७ बर्ष ब्यतीत भैसकेपछि मृत्यु भएकोमा निज शिक्षक वा कर्मचारीको मृत्यु भएको मितिदेखि निजले पाउने निवृत्तिभरणको आधा रकम आजीवन पाउनेछ, तर यस्तो निवृत्तिभरण पाउने श्रीमतीले पुनः वैवाहिक सम्बन्ध कायम गरेमा यो सुविधा पाउनेछैन ।

(३) यस नियमबमोजिम उपदान वा निवृत्तिभरण दिँदा मृत शिक्षक वा कर्मचारीले आफ्नो परिवारको सदस्यमध्येमा आफ्नो नाबालक भाइ वा अविवाहिता

## परिच्छेद - ८
## संचयकोष तथा सापटी ब्यवस्था

७७. **कर्मचारी संचयकोषमा रकम जम्मा गर्नेः-** (१) विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रत्येक पदाधिकारी र स्थायी शिक्षक वा कर्मचारी अनिवार्य रूपले विश्वविद्यालय कर्मचारी संचयकोषको सदस्य हुनेछन् । त्यस्ता सदस्यको मासिक तलबबाट १० प्रतिशत रकम महिनैपिच्छे कटाई सोही बराबरको रकम विश्वविद्यालयबाट थप गरी हुने रकम निजको नाममा रहेको संचयकोषमा जम्मा गरिनेछ ।





बढीमा १० वर्षसम्मको लागि विधुर पति वा विधवा पत्नीले पाउने पारिवारिक वृत्तिको दुईतिहाईमा नबढ्ने गरी मनासिव ठहरिन आएको दरले असाधारण पारिवारिकवृत्ति प्रदान गर्न सक्नेछ ।

(५) विश्वविद्यालयको मृत महिला शिक्षक वा कर्मचारीको विधुर पति वा सन्ततिको हकमा विश्वविद्यालयले औचित्य हेरी कारबाही गर्न सक्नेछ ।

(६) मृत शिक्षक वा कर्मचारीको विधुर पति वा विधवा पत्नी, सन्तति, धर्मपुत्र, धर्मपुत्री वा आमाबाबु कुनै रहेनछन् र निज शिक्षक वा कर्मचारीका आश्रित दाजुभाइ वा अविवाहिता दिदीबहिनीहरू वा तीमध्ये कुनै रहेछन् भने निजहरूको गुजाराको निमित्त विश्वविद्यालयले बढीमा १० वर्षको अवधिसम्मका लागि दामासाहीले विधुर पति वा विधवा पत्नीले पाउने पारिवारिक वृत्तिको दुईतिहाईमा नबढ्ने गरी मनासिव ठहरिन आएको दरले पारिवारिक वृत्ति प्रदान गर्न सक्नेछ। विवाहिता महिला शिक्षक वा कर्मचारीको हकमा वैवाहिक सम्बन्ध कायम गरेको घरतर्फको पति, ससुरा सासू वा सौतेनी सासू, नाबालक देवर, अविवाहिता आमाजू र नन्द भन्ने हुनेछ ।

७२. **समितिको ब्यवस्थाः-** (१) कुनै शिक्षक वा कर्मचारीको विश्वविद्यालयको कामको सिलसिलामा मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजका विधुर पति वा विधवा पत्नीले पाउने आजीवन पारिवारिक वृत्तिका सम्बन्धमा कार्यकारि-परिषद्ले तोकेको वा गठन गरेको समितिले सिफारिस गर्नेछ ।

(२) यसरी गठन गरिएको समितिले निज शिक्षक वा कर्मचारीको मृत्यु विश्वविद्यालयको कामको सिलसिलामा भएको हो वा होइन भन्ने सम्बन्धमा समेत आवश्यक राय प्रस्तुत गर्नुपर्नेछ।

७३. **तलबको उल्लेखः-** 'आखिरी तलब' भन्नाले सम्बन्धित शिक्षक वा कर्मचारीले अवकाश प्राप्त गर्ने बखतमा ग्रेडसहित उसले खाईपाई आएको तलबलाई जनाउनेछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै शिक्षक वा कर्मचारी विशेष तलबी बिदा,अध्ययन बिदा वा आत्मोन्नति बिदामा बसेको वा निलम्बनमा रहेको भए त्यस्तो अवधिभरका निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ ।

७४. **उपदान तथा निवृत्तिभरणसम्बन्धी कार्यविधिः-** (१) उमेरको कारणबाट अनिवार्य अबकाश पाउने शिक्षक वा कर्मचारीले आफूले अनिवार्य अवकाश पाउनुभन्दा ६ महिनाअगाडि विश्वविद्यालयबाट तोकिएको प्रपत्र (फर्म) भरी

कार्यरत निकायमार्फत् विश्वविद्यालयको केन्द्रीय कार्यालय कर्मचारी प्रशासनमा पठाउनुपर्नेछ । सेवा-अवधि पुगी वा स्वैच्छिक अवकाश प्राप्त गर्ने वा विश्वविद्यालयले अवकाश दिएको वा सेवाबाट हटाएको शिक्षक वा कर्मचारीले भने अवकाश पाएको महिनाभित्र त्यसप्रकारको फर्म (प्रपत्र)भरिसक्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रपत्र भर्न नपाउँदै कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा त्यस्तो मृत शिक्षक वा कर्मचारीले इच्छाएको भए इच्छाएको व्यक्तिले र नइच्छाएको भए निजको परिवारका सदस्यहरूमध्ये क्रमानुसार जो जीवित छ उसैले ६ महिनाभित्र केन्द्रीय कार्यालयमा आइपुग्ने गरी फर्म भरी पठाउनुपर्नेछः-

(क) सगोलका पति वा पत्नी

(ख) सगोलका छोरा वा धर्मपुत्र

(ग) सगोलका अविवाहिता छोरी वा अविवाहिता धर्मपुत्री

(घ) सगोलका बाबु, आमा र छोरापट्टिको नाति

(ङ) भिन्न बसेको पति वा पत्नी

(च) भिन्न बसेको छोरा वा धर्मपुत्र

(छ) भिन्न बसेकी अविवाहिता छोरी वा अविवाहिता धर्मपुत्री, बाबु र आमा

(ज) सगोलका बाबुपट्टिका बाजे, बज्यै, दाजु, भाइ, विधवा छोरी, बुहारी र छोरापट्टिकी अविवाहिता नातिनी

(झ) सगोलका अविवाहिता दिदी, बहिनी

(ञ) सगोलका भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेको छोरापट्टिको नाति र अविवाहिता नातिनी

(ट) सगोलका काका, विधवा काकी, भाउजू, भाइबुहारी, नातिनीबुहारी

(ठ) भिन्न बसेका दाजुभाइ

(ड) भिन्न बसेका विवाहिता छोरी वा विवाहिता धर्मपुत्री

(ढ) भिन्न बसेका विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरी, बुहारी, नातिनी, बुहारी र भतिजा

(ण) बैबाहिक सम्बन्ध कायम भएका महिलाशिक्षक वा कर्मचारीको हकमा घरतर्फका पति, ससुरा, सासू, सौतेनी सासू, अविवाहित देवर, अविवाहिता आमाजू, नन्द हुनेछ ।

***स्पष्टीकरणः-*** एकै क्रममा एकभन्दा बढी नातेदारहरू तोकिएका भए सो





क्रममा तोकिएका सबै नातेदारहरूले बराबर हिस्सामा मृत शिक्षक वा कर्मचारीको निवृत्तिभरण पाउन सक्नेछन् ।

(३) उपनियम (१) र (२) बमोजिम फाराम प्राप्त भएपछि विश्वविद्यालयको कर्मचारी प्रशासनबाट आवश्यक जाँचबुझ गरी अवकाश प्राप्त गर्ने शिक्षक, कर्मचारी वा मृत शिक्षक, कर्मचारीको हकवालालाई निवृत्तिभरण (पेन्सन पेमेन्ट अर्डर) वा उपदान दिन लेखी पठाउनुपर्नेछ ।

**७५. निवृत्तिभरणमा थपः-** अन्य सेवाबाट निवृत्तिभरण पाई विश्वविद्यालयको सेवामा आएका शिक्षक वा कर्मचारीले विश्वविद्यालयमा निवृत्तिभरण पाउने भएमा निवृत्तिभरण वा अन्य सेवाबाट पाएको निवृत्तिभरण रकममा अपुग रकम मात्र विश्वविद्यालयले थप गर्नेछ ।

**७६. उपदान वा निवृत्तिभरणसम्बन्धी विशेष व्यवस्थाः-** (१) यो नियम लागू भइसकेपछि नयाँ नियुक्ति हुने शिक्षक तथा कर्मचारीलाई उपदान तथा निवृत्तिभरण उपलब्ध गराउने प्रयोजनका निमित्त विश्वविद्यालयले छुट्टै उपदान तथा निवृत्तिभरणसम्बन्धी कोष खडा गर्नेछ र त्यस्ता शिक्षक तथा कर्मचारीहरूको मासिक तलबबाट दश प्रतिशतका दरले रकम कट्टा गरी सो रकममा विश्वविद्यालयले त्यत्ति नै रकम थप गरी हुनआउने रकम सो कोषमा जम्मा गरिदिनेछ ।

(२) उपनियम (१) लागू भइसकेपछि नयाँ नियुक्ति हुने शिक्षक तथा कर्मचारीहरूको हकमा उपदान र निवृत्तिभरणसम्बन्धी नियम ६५ देखि ७५ सम्मका नियमहरू लागू हुनेछैनन् ।

(३) यस नियमबमोजम खडा गरिएको उपदान तथा निवृत्तिभरणसम्बन्धी कोषमा जम्मा हुने रकमको व्यवस्थापन, सञ्चालन, कोषकट्टी गर्ने प्रक्रिया, उपदान तथा निवृत्तिभरण प्रयोजनका लागि कोषकट्टी रकमको भुक्तानी तथा कोषकट्टीसम्बन्धी अन्य व्यवस्था कार्यकारिपरिषदले तोकेबमोजिम हुनेछ ।

(४) यो नियम लागूहुनुपूर्व विश्वविद्यालयको अस्थायी र करारसेवाको नियुक्ति पाई काम गर्दै आएका शिक्षक तथा कर्मचारीहरू स्थायी पदमा नियुक्त भएमा निजहरूको हकमा यस नियम ७६ को व्यवस्था लागू हुनेछैन ।

मान्यता प्राप्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाबाट तोकिएको वा व्यावसायिक नैतिकता र आचारसंहिताको पालना गर्नुपर्नेछ ।

(१७) राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुनेः- कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीले आफ्नो सेवासम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले अन्य पदाधिकारी, शिक्षक वा कर्मचारीमाथि प्रभाव पर्ने वा प्रभाव पार्ने प्रयत्न गर्नुहुँदैन।

(१८) अपराधलाई प्रश्रय दिन नहुनेः- शिक्षक तथा कर्मचारीले विश्वविद्यालयको अहित हुने खालको तालाबन्दी गर्नु, शारीरिक वा मानसिक कष्ट हुने दबाब दिनु वा सो गर्ने उद्देश्यले अरूलाई उक्साउनु समेत हुँदैन ।

(१९) तोकिएको काम गर्नुपर्नेः- पदाधिकारी, शिक्षक तथा कर्मचारीले आफूलाई तोकिएको काम पूर्णरूपले जिम्मेवारीसाथ गर्नुपर्दछ । शिक्षक भए शिक्षण तालिकाअनुसार प्राध्यापन र अन्य प्राज्ञिक कार्य गर्नुपर्नेछ । कर्मचारी भए आफूलाई तोकिएको कार्यविभाजनअनुसार कार्यसम्पादन गर्नुपर्छ । लापरबाही र गैरजिम्मेवारीपनको प्रदर्शन गर्नुहुँदैन ।





# परिच्छेद - १०

## शिक्षक, कर्मचारी आचारसंहिता

७८. **आचरण पालनाः-** विश्वविद्यालयमा कार्यरत पदाधिकारी, शिक्षक एवम् कर्मचारीले देहायबमोजिमको आचरण पालना गर्नु अनिवार्य हुनेछः-

(१) कामको जिम्मेवारी वहन गर्नुपर्नेः- विश्वविद्यालयमा कार्यरत पदाधिकारी, शिक्षक कर्मचारीले आफूलाई तोकिएको काम जिम्मेवारी पूर्वक वहन गर्नुपर्नेछ।

(२) समयको पालना र नियमितताः- पदाधिकारी, शिक्षक तथा कर्मचारीले विश्वविद्यालयको सङ्गठन वा निकायले तोकिदिएको समयमा नियमित रूपमा आफू कार्यरत विश्वविद्यालयको सङ्गठन वा निकायमा हाजिर हुनुपर्छ र यस नियमको अधीनमा रही तोकिएको बिदाका लागि तोकिएबमोजिम स्वीकृति नलिई काममा अनुपस्थित हुनुहुँदैन ।

(३) गोप्यता भङ्ग गर्न नहुनेः- विश्वविद्यालयमा सेवारत पदाधिकारी, शिक्षक एवम् कर्मचारीले अख्तियारवालाको पूर्वस्वीकृतिविना आफूले विश्वविद्यालयमा कर्तब्य पालन गर्दा प्राप्त गरेको अथवा आफूले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र प्रत्यक्ष वा परोक्ष रूपबाट अरू अनधिकृत पदाधिकारी, शिक्षक तथा कर्मचारीलाई अथवा विश्वविद्यालय बाहिरका व्यक्तिलाई दिन वा संचारका कुनै माध्यमबाट सूचित गर्नुहुँदैन ।

(४) राजनैतिक निर्वाचनमा उम्मेदवार बन्न नहुनेः- विश्वविद्यालयमा कार्यरत पदाधिकारी, शिक्षक वा कर्मचारीले कुनै पनि राजनीतिक दलको सदस्यता लिई वा नलिई राजनीतिक निर्वाचनमा उम्मेद्वार बन्न हुँदैन तर प्रचलित कानुनबमोजिम बैठक, कार्यशाला, गोष्ठी, सम्मेलन, छलफलमा भाग लिई कुनै विचार व्यक्त गरी प्राज्ञिक स्वतन्त्रता उपयोग गर्न यस नियमले बाधा पुऱ्याएको मानिनेछैन।

**स्पष्टीकरणः-** विश्वविद्यालयको नीति र कार्यक्रमलाई बाधा पुऱ्याउने वा बाधा पुऱ्याउन सक्ने भावनाबाट प्रेरित लेखबाहेक शैक्षिक र ज्ञान विज्ञानको परिधि फराकिलो पार्ने लेखहरू प्रकाशित गर्नु यस नियमको प्रतिबन्धको परिधिभित्र परेको मानिनेछैन ।

(५) कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीले राष्ट्रिय वा स्थानीय तहको कुनै राजनैतिक निर्वाचनमा भाग लिन चाहेमा कार्यकारिपरिषद्ले अन्यथा निर्णय

गरेकोमा बाहेक उम्मेदवारीको मनोनयन दाखिला गर्नुभन्दा १५ दिन पहिले नै विश्वविद्यालय सेवाबाट राजिनामा गर्नुपर्नेछ तर विश्वविद्यालयबाट स्वीकृत नेपाल प्राध्यापक सङ्घ, ने.सं. वि.प्राध्यापक सङ्घ, ने.सं.वि.कर्मचारी सङ्घ वा कुनै वर्गीय हित र एकताका लागि नेपाल कानुनबमोजिमको सङ्गठित संस्था वा सामाजिक वा धार्मिक संस्था वा पेसागत संस्थाको कुनै पदमा उम्मेद्वार हुन यस नियमले बाधा पुऱ्याएको मानिनेछैन ।

(५ क) उपनियम (४) र (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि विश्वविद्यालय प्राध्यापक सङ्घ, नेपाल प्राध्यापक सङ्घ वा विश्वविद्यालयअन्तर्गतका पेसागत अन्य सङ्घ, सङ्गठन वा समूहको कुनै पनि पदमा रहेको व्यक्ति विश्वविद्यालयको निश्चित पदावधि उल्लेख भएको पदमा नियुक्त वा मनोनयन भएमा सो सङ्घ, सङ्गठन वा समूहको पदबाट राजिनामा दिनुपर्नेछ, तर जुन सङ्घ, सङ्गठन वा निकायको हैसियतले विश्वविद्यालयमा प्रतिनिधित्व गर्ने हो, सोको हकमा भने यो नियम लागू हुनेछैन ।

**स्पष्टीकरणः**- विश्वविद्यालयको निश्चित पदावधि उल्लेख भएको पदमा नियुक्त पदाधिकारी भन्नाले विश्वविद्यालय ऐन, २०४३ को दफा १३ बमोजिमका पदाधिकारी भन्ने सम्झनु पर्छ ।

(५ ख) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि विश्वविद्यालयको उपप्रशासक वा सोसरह र सोभन्दा माथिका कर्मचारीहरूले विश्वविद्यालय कर्मचारी सङ्घ र विश्वविद्यालयअन्तर्गतका अन्य पेसागत सङ्घ, सङ्गठनको सदस्यता लिन र निर्वाचनमा भाग लिन पाउनेछैनन् ।

**स्पष्टीकरणः**- यो नियम लागू हुनुभन्दा अगाडि आगामी निर्वाचनको प्रयोजनका लागि सदस्यता लिइसकेकाले यस एक-पटकका निम्ति कर्मचारीहरूले मताधिकार प्रयोग गर्न पाउनेछन्, तर उम्मेदवार भने हुन पाउनेछैनन् ।

(६) आफैं निर्णय लिन नहुनेः- अख्तियार पाएका कुनै पदाधिकारी, शिक्षक, कर्मचारीले विश्वविद्यालय वा विश्वविद्यालय सेवा आयोगसँग सम्बन्धित कुनै व्यक्तिले आफ्नो वा आफ्नो नाता पर्ने शिक्षक, कर्मचारी वा व्यक्तिको बारेमा निर्णय लिन हुँदैन ।

**स्पष्टीकरणः**- यस नियमको प्रयोजनका लागि आफ्नो नाता पर्ने भन्नाले निर्णय गर्ने अधिकार पाएका व्यक्तिका छोराछोरी, बुहारी वा ज्वाइँ, सहोदर दाजुभाइ र निजहरूका पत्नी, साला, साली, आमाबाबु भन्ने बुझ्नुपर्नेछ ।



(७) अन्य स्थानमा काम गर्न नहुनेः- उपकुलपतिको पूर्वस्वीकृतिविना कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीले अन्य संस्थाबाट आर्थिक लाभ हुने खालको काम गर्नुहुँदैन। यस विश्वविद्यालयमा र अन्य विश्वविद्यालय वा शिक्षण संस्था वा अन्य संस्थाहरूमा एकैसाथ पूरा वा आंशिक समयमा समेत कुनै नियुक्ति लिई वा नलिई काम गर्नहुँदैन ।

(८) छात्रवृत्ति, चन्दा, पुरस्कार स्वीकार गर्न नहुनेः- विश्वविद्यालयको पूर्वस्वीकृतिविना कुनै शिक्षक वा कर्मचारीले विदेशबाट वा स्वदेशका अन्य सङ्घ, संस्था वा ठाउँबाट प्राप्त हुने छात्रवृत्ति, चन्दा, पुरस्कार स्वीकार गर्नुहुँदैन ।

(९) आफ्नो सेवा र पदअनुसारको आचरण गर्नुपर्नेः- शिक्षक तथा कर्मचारीले विश्वविद्यालयभित्र वा बाहिर आफ्नो बौद्धिक तथा प्राज्ञिक प्रतिष्ठा कायम हुने गरी आफ्नो आचरण तथा नैतिकता शुद्ध, उच्च र पवित्र राख्नुपर्छ ।

१०) विश्वविद्यालयलाई सहयोग गर्नुपर्नेः- विश्वविद्यालयमा आइपर्ने समस्यामा सहयोग गर्नु, विद्यार्थीहरूलाई प्राज्ञिक तथा अनुसन्धानसम्बन्धी सल्लाह दिनु, विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक उन्नयनमा सल्लाह र सहयोग गर्नु पदाधिकारी, शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

(११) हानिनोक्सानी गर्न नहुनेः- शिक्षक तथा कर्मचारीले विश्वविद्यालयको चल, अचल तथा अन्य कुनै प्रकारको सम्पत्तिको हानिनोक्सानी गर्नुहुँदैन ।

(१२) मादक पदार्थ वा लागू पदार्थ सेवन गरी कार्यालय आउन नहुनेः- कार्यालय समयमा कुनै शिक्षक वा कर्मचारीले मादक पदार्थ वा अन्य कुनै लागू पदार्थ सेवन गरी कार्यालयमा उपस्थित हुनुहुँदैन।

(१३) भ्रष्टाचार गर्न नहुनेः- शिक्षक तथा कर्मचारीले अनुचित कार्य वा भ्रष्टाचार गर्नु गराउनु हुँदैन ।

(१४) विश्वविद्यालयसँग सम्बन्धित ऐन कानुनको पालना गर्नेः- विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारीले विश्वविद्यालयसँग सम्बद्ध ऐन, नियमको पालना गर्नुपर्नेछ।

(१५) उचित आदर र व्यवहार देखाउनुपर्नेः- पदाधिकारी, शिक्षक तथा कर्मचारीले आफूभन्दा माथिका सबै पदाधिकारी, शिक्षक वा कर्मचारीप्रति उचित आदर देखाउनु र आफूभन्दा मुनिका प्रति उचित व्यवहार गर्नुपर्नेछ ।

(१६) व्यावसायिक नैतिकता कायम राख्नुपर्नेः- कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीले व्यावसायिक प्रकृतिको काम गर्दा विश्वविद्यालय, प्रचलित नेपाल कानुन र

अख्तियारवालासमक्ष दाखिला गर्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम अन्य व्यक्ति वा समितिबाट जाँचबुझ गराइएको भए जाँचबुझ गर्नेको प्रतिवेदनमा आफ्नो ठोस् रायसहित र अख्तियारवाला आफैंले जाँचबुझ गरेकोमा आफ्नो राय सुझावसहित सजाय गर्ने अधिकारीसमक्ष पेस गर्नुपर्नेछ । यसरी प्रतिवेदन प्राप्त भएपछि सजाय गर्ने अधिकारीले प्रस्तावित सजाय किन नगर्ने भनी उचित म्याद दिई प्रस्तावित सजाय पाउने शिक्षक वा कर्मचारीसँग स्पष्टीकरण माग गर्नुपर्नेछ ।

८५. **सेवा आयोगको परामर्श लिनुपर्नेः-** यस परिच्छेदबमोजिम कुनै शिक्षक वा कर्मचारीलाई विशेष सजाय गर्नुपर्ने भई नियम ८४ बमोजिमको कार्यविधि पूरा गरी अन्तिम पटक स्पष्टीकरण लिइसकेपछि नियम ७९ को खण्ड (ख) बमोजमको विशेष सजाय अन्तर्गत विश्वविद्यालयको सेवाबाट हटाउने सजाय गर्नुभन्दा पहिले कारबाहीका सम्बन्धमा उठेका सम्पूर्ण कागजात सेवा आयोगमा पठाई सोबारे सेवा आयोगबाट परामर्श प्राप्त गर्नुपर्नेछ ।

८६. **विभागीय कारबाही र सजाय गर्ने अधिकारीः-** ऐन वा यस नियममा स्पष्ट लेखिएकोमा बाहेक सामान्यतः यस परिच्छेदबमोजिमको सजाय गर्ने अधिकार कार्यकारि-परिषद् वा कार्यकारि-परिषद्ले तोकेको पदाधिकारी, व्यक्ति वा समितिलाई हुनेछ ।

८७. **पुनरावेदनः-** कुनै शिक्षक वा कर्मचारीलाई आफूले पाएको सजायउपर चित्त नबुझेमा आफ्नो पूर्ण विवरण र सजायको आदेशको सूचनाको प्रतिलिपिसमेत संलग्न गरी सजायको सूचना पाएको मितिले बाटाको म्यादबाहेक ३५ दिनभित्र त्यस्तो सजायको आदेशउपर विश्वविद्यालयको पुनरावेदन आयोगमा पुनरावेदन गर्न सकिनेछ ।

८८. **निलम्बनको अवधिको सुविधाः-** निलम्बनमा राखिएको शिक्षक वा कर्मचारीले निलम्बनको अवधिभर आफ्नो पदको (पदाधिकार रहेको भए सो पदको) तलब मात्रको एक चौथाई रकम मात्र पाउनेछ ।

८९. **सेवामा पुनः कायम रहेमा तलबभत्ता पाउनेः-** कुनै शिक्षक वा कर्मचारीलाई विश्वविद्यालय सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश बदर भई निज पुनः सेवामा कायम भएको अवस्थामा विश्वविद्यालय सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनःसेवामा कायम भएको मितिसम्मको पूरा तलबभत्ता, चाडपर्व खर्च र ग्रेडवृद्धि भए सोसमेत पाउनेछ ।



## परिच्छेद - ११

# विभागीय कारबाही, सजाय र पुनरावेदन

७९. **कारबाही वा सजायः-** उचित र पर्याप्त कारण भएमा विश्वविद्यालयमा सेवारत शिक्षक तथा कर्मचारीलाई देहायबमोजिमको कारबाही वा सजाय गर्न सकिनेछः-

**(क) सामान्य सजायः-**

१. नसिहत दिने ।

२. बढीमा २ ग्रेडवृद्धि रोक्का गर्ने ।

३. बढीमा २ बर्षसम्मका लागि बढुवा रोक्का गर्ने ।

**(ख) विशेष सजायः-**

१. भविष्यमा विश्वविद्यालय सेवाको निमित्त अयोग्य नठहरिने गरी विश्वविद्यालय सेवाबाट हटाउने वा बर्खास्त गर्ने ।

२. भविष्यमा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी विश्वविद्यालय सेवाबाट हटाउने वा बर्खास्त गर्ने ।

८०. **नसिहत दिने, ग्रेडवृद्धि वा बढुवा रोक्का राख्ने अवस्थाः-** देहायको कुनै अवस्थामा शिक्षक तथा कर्मचारीलाई नियम ७९ (क) बमोजिम नसिहत दिने वा ग्रेडवृद्धि वा बढुवा रोक्का गर्न सकिनेछः-

(क) काम सन्तोषजनक नभएमा ।

(ख) सरूवा भएको विश्वविद्यालयको सङ्गठन वा निकायमा म्यादभित्र हाजिर हुन नगएमा ।

(ग) अनुशासनहीन काम गरेमा ।

(घ) आचरणसम्बन्धी नियम उल्लङ्घन गरेमा ।

(ङ) आफू कार्यरत रहेको विश्वविद्यालयको सङ्गठन वा निकायमा पूर्वस्वीकृति नलिई बारम्बार अनुपस्थित रहेमा ।

(च) आफू जिम्मा रहेका कागजपत्र, जिन्सी, नगदी आदि यसै नियम १९ बमोजिम बरबुझारथ नगरेमा ।

(छ) तोकिएबमोजिमको जिम्माको काम नगरेमा ।

८१. **सेवाबाट हटाउने वा बर्खास्त गर्न सक्ने अवस्थाः-** देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई विश्वविद्यालय सेवाका निमित्त भविष्यमा अयोग्य नठहरिने गरी वा अयोग्य ठहरिने गरी विश्वविद्यालय सेवाबाट हटाउन वा

बर्खास्त गर्न सकिनेछः-

(क) आफ्नो कर्तव्यमा बारम्बार लापरबाही गरेमा ।

(ख) कार्यक्षमताको अभाव भएमा ।

(ग) नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा अदालतबाट कसूरदार सावित भई कैदको सजाय पाएमा ।

(घ) भ्रष्टाचार गरेको ठहरेमा ।

(ङ) नियम ८० बमोजिम सजाय पाइसकेपछि पनि बारम्बार सोही कार्य गरेमा ।

(च) विश्वविद्यालयबाहेक अन्य निकायमा विनास्वीकृति नोकरी गरेमा ।

**द्रष्टव्यः-** यो नियम लागू हुनुभन्दा पहिले विश्वविद्यालयको पूर्वस्वीकृतिविना अन्यत्र पूरा समय वा आंशिक रूपमा काम गर्ने शिक्षक तथा कर्मचारीले यो नियम लागू भएको ६० दिनभित्र विश्वविद्यालयको स्वीकृति लिइसक्नुपर्नेछ । अन्यथा यसै नियम अनुसार कारबाही हुनेछ ।

(छ) तोकिएका आचरणसम्बन्धी नियमहरूको उल्लङ्घन वा पालना नगरेमा ।

(ज) लगातार ६० दिनसम्म आफू कार्यरत निकाय वा विद्यापीठमा पूर्वसूचनाविना अनुपस्थित भएमा ।

झ) विश्वविद्यालय सेवा प्रवेश गर्दा पेस गरिएका शैक्षिक प्रमाणपत्रहरू नक्कली ठहरेमा ।

८२. **तलबबाट कट्टा गरी असुलउपर गर्नेः-** कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीले जानाजानी वा लापरबाही गरी विश्वविद्यालयको आंशिक वा पूर्णरूपले हानिनोक्सानी पुऱ्याएमा हानिनोक्सानीबापत् भएको रकम वा अन्य प्रकारको बिगोसमेत विश्वविद्यालयले सञ्चयकोषबाहेक निजले पाउने अरू प्रकारको रकमबाट असुलउपर गर्नेछ ।

८३. **निलम्बनमा राखी कारबाही गर्नेः-** (१) निम्नलिखित अवस्था भएमा अख्तियारवालाले सम्बन्धित शिक्षक वा कर्मचारीलाई निलम्बनमा राखी कारबाही गर्न सक्नेछः-

(क) निलम्बन नगरी आफ्नो पदको काम गर्न दिंदा विश्वविद्यालयलाई हानिनोक्सानी हुने सम्भावना देखिएमा वा कारबाहीमा बाधा पर्ने देखिएमा ।

(ख) निलम्बन नगरी आफ्नो पदको काम गर्न दिँदा झुट्टा सबुत संकलन





गर्न सक्ने वा आफ्ना विरूद्धका सबुत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा ।

(२) निलम्बनमा रहेको शिक्षक वा कर्मचारी दोषमुक्त हुने गरी वा कुनै अख्तियार वालाको निर्णयपछि निजको निलम्बन समाप्त भएको मानिनेछ ।

(३) कुनै शिक्षक वा कर्मचारी नैतिक पतन देखिने फौजदारी अभियोगअन्तर्गत थुनामा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ । यसरी स्वतः निलम्बनमा रहेको अवस्थाको तलब र नियमबमोजिम निजले पाइरहेको कुनै पनि सुविधाको सम्बन्धमा निजको कुनै हकदाबी लाग्नेछैन ।

(४) स्वतः निलम्बनमा रहेको अवस्थामा बाहेक उपनियम (१) बमोजिम निलम्बन भएको शिक्षक वा कर्मचारीलाई निलम्बन अवधि ३ महिनाभन्दा बढी राखिनेछैन । सो अवधिभित्रै निजको कारबाहीको टुङ्गो लगाइसक्नुपर्नेछ तर विश्वविद्यालयबाहेकका निकायहरूमा कारबाही भई उक्त अवधिभित्र किनारा लगाउन नसकिने असाधारण अवस्थामा निलम्बनको अवधि ३ महिनाभन्दा बढी बढाउनुपरेमा कार्यकारि-परिषद्बाट पूर्वस्वीकृति लिई एक पटकमा एक महिनाको गरी कारबाहीको टुङ्गो नलागेसम्म अवधि बढाउन सकिनेछ ।

८४. **सजायको कार्यविधिः-** (१) नियम १७ बमोजिम सफाइ दिने मनासिब माफिकको मौका नदिई सेवाबाट हटाउने वा वर्खास्त गर्न सकिनेमा बाहेक अन्य कुनै कारणबाट शिक्षक वा कर्मचारीलाई सजाय गर्नुपरेमा सजाय गर्ने आदेश दिनुभन्दा अगावै अख्तियारवालाले कारबाही गर्न लागिएको कारण उल्लेख गरी सो शिक्षक वा कर्मचारीलाई सूचना दिई निजलाई आफ्नो सफाइको सबुत पेस गर्ने मौका दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना दिंदा शिक्षक तथा कर्मचारीमाथि लगाइएको आरोप स्पष्टरूपले किटिएको हुनुपर्छ । प्रत्येक आरोप कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनुपर्नेछ र त्यस्ता आरोपको सम्बन्धमा निजले तोकेको म्यादभित्र सफाइ पेस गर्नुपर्नेछ ।

(३) आरोप लागेका शिक्षक वा कर्मचारीको म्यादभित्र सफाइ प्राप्त भएपछि सो सम्बन्धमा अख्तियारवालाले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै व्यक्ति वा समितिद्वारा जाँचबुझ गराउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम अन्य व्यक्ति वा समितिले जाँचबुझ गरेकोमा आफ्नो प्रतिवेदनमा कारणसहितको ठहर तथा सङ्कलित सबुत प्रमाणसमेत

## परिच्छेद - १४

## सेवा आयोगको परीक्षा सञ्चालन र पाठ्यक्रम निर्धारण

८३. **परीक्षा सञ्चालन गर्नेः-** (१) विश्वविद्यालय सेवाको पदपूर्तिका लागि आयोगबाट लिइने परीक्षा देहायको कुनै एक वा एकभन्दा बढी तरिकाद्वारा हुनसक्नेछः-

(क) खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा ।

(ख) खुल्ला प्रतियोगितात्मक प्रयोगात्मक परीक्षा ।

(ग) छनोट वा मूल्याङ्कन ।

(घ) अन्तर्वार्ता र

(ङ) आयोगले तोकेका अन्य तरिकाहरू ।

(२) उपनियम (१) बमोजिम परीक्षासम्बन्धी मूल्याङ्कनविधि, भाषागत माध्यम र अन्य व्यवस्था सेवा आयोगबाट तोकिएबमोजिम हुनेछ ।

(३) सेवा आयोगले शिक्षकको हकमा प्राज्ञिक-परिषद्बाट र कर्मचारीको हकमा कार्यकारि -परिषद्बाट निर्धारित आधारमा परीक्षाका लागि प्राश्निक, परीक्षक, सम्परीक्षक, दक्ष वा विशेषज्ञ वा अन्य उपयुक्त व्यक्तिको मनोनयन गर्न सक्नेछ । सेवा आयोगले समिति गठन गर्न वा अन्य आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(४) सेवा आयोगले सञ्चालन गर्ने परीक्षाको मिति, समय, स्थान र किसिम आदिको परीक्षातालिका सार्वजनिक रूपमा प्रकाशित गर्नेछ ।

(५) उपनियम (४) बमोजिम सेवा आयोगले कुनै उपयुक्त र पर्याप्त कारणको अभावमा परीक्षा स्थगित गर्न, रद्द गर्न वा संशोधन गर्न सक्नेछैन ।

(६) सेवा आयोगको कुनै पनि परीक्षा सञ्चालन हुँदाका बखत परीक्षा केन्द्रमा कुनै प्रकारको गडबडी वा अनियमितता भएमा वा कुनै बाधा अवरोध उत्पन्न भई परीक्षा सञ्चालन हुन नसकेमा सो दिनको परीक्षा वा सोसँग सम्बन्धित विज्ञापनको सम्पूर्ण परीक्षा आंशिक वा पूर्णरूपले सेवा आयोगले कारण जनाई रद्द गर्न सक्नेछ ।

(७) परीक्षा सञ्चालनसम्बन्धी अन्य व्यवस्था सेवा आयोगद्वारा तोकिएबमोजिम हुनेछ।

८४. **शैक्षिक योग्यता र पाठ्यक्रमः-** (१) नियम ८३ अन्तर्गतको परीक्षासम्बन्धी



८०. **नोकरी थामिदिन कर नलाग्नेः-** विश्वविद्यालय सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी गरेको निर्णयमा चित्त नबुझी विश्वविद्यालय पुनरावेदन आयोगसमक्ष पुनरावेदन दिएकोमा पुनः बहाली हुने निर्णय भएकोमा सोको सूचना पाएको मितिले ३५ दिनभित्र हाजिर हुन नआएमा विश्वविद्यालय सेवामा बहाली गर्न कर लाग्नेछैन ।

## परिच्छेद - १२
## सेवा आयोगको काम कर्तव्य र अधिकार

९१. **सेवा आयोगको काम कर्तव्य र अधिकारः-** सेवा आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(१) विश्वविद्यालय सेवामा शिक्षक र कर्मचारीको नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने ।

(२) विश्वविद्यालय सेवाका शिक्षक तथा कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा नियम ८५ बमोजिम परामर्श दिने ।

(३) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको सेवासर्तसम्बन्धी कानुनको विषयमा परामर्श दिने ।

(४) विश्वविद्यालय सेवाको परीक्षामा सम्मिलित हुन चाहने उम्मेदवारहरूको शैक्षिक योग्यता तथा बढुवाका सर्तहरू निर्धारण गर्ने ।

(५) विश्वविद्यालय सेवामा शिक्षक र कर्मचारीको नियुक्ति तथा बढुवाका लागि परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षा सञ्चालन गर्ने/गराउने, ।

(६) सेवा आयोगको कार्यक्षेत्रभित्र पर्ने विषयमा निरीक्षण वा जाँचबुझ गर्ने /गराउने ।

(७) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको वृत्तिविकास वा क्षमता वा दक्षतावृद्धि गराउने विषयमा विश्वविद्यालयलाई सुझावहरू दिने।

(८) एउटा विषयको दरबन्दीमा कार्यरत शिक्षकलाई अर्को विषयको दरबन्दीको शिक्षकमा परिवर्तन र एउटा पदमा कार्यरत कर्मचारीलाई समान तहको अर्को पदमा पद-परिवर्तनसम्बन्धी विषयमा माग भएबमोजिम परामर्श दिने ।

(९) विश्वविद्यालयसँग सम्बन्धित कानुनबमोजिम तोकिएका अन्य कार्यहरू गर्ने/गराउने ।





## परिच्छेद - १३
## सेवा आयोगको बैठक र निर्णय

९२. **सेवा आयोगको बैठकः-** (१) ऐन र विश्वविद्यालयको प्रचलित नियमबमोजिम सेवा आयोगले गर्नुपर्ने कामहरू सेवा आयोगको बैठकबाट निर्णय भएबमोजिम कार्यान्वयन गरिनेछ ।

(२) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(३) सेवा आयोगमा २ जना सदस्यको उपस्थिति नभई बैठक बस्न सक्नेछैन ।

(४) बहुमतको निर्णय मान्य हुनेछ, तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(५) आयोगको निर्णय आयोगले तोकेको सदस्य वा अधिकृतले प्रमाणित गर्नेछ ।

(६) सेवा आयोगको बैठकसञ्चालन र कार्यविधिहरू आयोगले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद - १७
## अधिकार-प्रत्यायोजन

**८८. अधिकार-प्रत्यायोजन गर्न सकिनेः-** (१) सेवा आयोगले आफ्ना अधिकारहरूमध्ये केही वा सबै अधिकार विश्वविद्यालयको कुनै समितिलाई वा आफैले समिति गठन गरी प्रत्यायोजन गर्न सक्नेछ तर अन्य नियममा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विषयमा सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार-प्रत्यायोजन गर्न सक्नेछैन ।

(क) विश्वविद्यालयको प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक पदमा नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने विषयमा ।

(ख) विश्वविद्यालयको प्रशासक वा सह-प्रशासक वा उप-प्रशासक वा सहायक-प्रशासक वा सोसरहको प्रशासनिक तथा अन्य पदमा नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्ने विषयमा ।

(ग) विश्वविद्यालयको शिक्षक तथा अधिकृत स्तरका कर्मचारीलाई गरिने विभागीय कारबाहीअन्तर्गत दिइने विशेष सजायको सम्बन्धमा परामर्श दिने विषयमा।

(घ) विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको सेवाको सर्तसम्बन्धी नियम संशोधन गर्ने विषयको परामर्श दिने विषयमा ।

(ङ) प्राध्यापक, सहप्राध्यापक र उपप्राध्यापक वा प्रशासक, सह-प्रशासक, उप-प्रशासक र सहायक-प्रशासक वा सोसरहको पदमा करारसेवामा नियुक्ति गर्ने वा सोभन्दा मुनिको कुनै पनि पदमा एकैपटक वा पटक-पटक गरी तीन वर्षभन्दा बढी अवधिका लागि नियुक्तिका सम्बन्धमा सहमति दिने विषयमा ।

(च) कुनै पनि शिक्षक वा कर्मचारी आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी सेवाका सर्तहरू थपघट गर्ने विषयमा।

(छ) शिक्षक पदबाट प्रशासनिक पदमा र प्रशासनिक वा अन्य पदबाट शिक्षक पदमा सेवा परिवर्तन गर्ने/गराउने विषयमा ।

(२) अधिकार-प्रत्यायोजन गर्दा सो अधिकार-प्रत्यायोजनसम्बन्धी सिद्धान्त, प्रक्रिया वा कार्यविधि सेवा आयोगले तोकेबमोजिम हुनेछ।



पाठ्यक्रम तोक्ने अधिकार सेवा आयोगलाई हुनेछ, तर यसरी शिक्षक पदका लागि पाठ्यक्रम निर्धारण गर्न सेवा आयोगले प्राज्ञिक-परिषद्सँग रायसल्लाह लिनुपर्नेछ । त्यस्तै प्रशासनिक पदका लागि पाठ्यक्रम निर्धारण गर्दा कार्यकारि परिषद्सँग राय-सल्लाह लिनुपर्नेछ ।

(२) सेवा आयोगले पाठ्यक्रम निर्धारण, संशोधन र सुधारका लागि आवश्यक दक्ष र विशेषज्ञको मनोनयन वा समितिको गठन गर्न सक्नेछ ।

(३) सेवा आयोगले आवश्यकता र औचित्यका आधारमा परीक्षाको पाठ्यक्रम पुनरावलोकन गरी/गराई परीक्षा सञ्चालन गर्न सक्नेछ ।

(४) कुनै उम्मेद्वारले विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यता सम्बद्ध पदका लागि तोकिएको वा मान्यता दिइएको योग्यतासरह छ, छैन भन्ने निर्णय गर्ने अधिकार सेवा आयोगलाई हुनेछ ।

## परिच्छेद - १५
## परामर्शसम्बन्धी कार्यविधि

८५. **परामर्श लिंदा अपनाउनुपर्ने कार्यविधिः-** (१) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको सेवाका सर्तसम्बन्धी नियमका विषयमा आयोगले परामर्श लिँदा कुलसचिवमार्फत् लिनुपर्नेछ। कुलसचिवले विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको सेवासर्तसम्बन्धी कुनै नयाँ नियम बनाउनु वा भैरहेको नियममा कुनै संशोधन गर्नु परेमा तत्सम्बन्धमा पूर्ण विवरण खुलाई सेवा आयोगमा पठाउनुपर्नेछ ।

(२) विश्वविद्यालयको पदमा शिक्षक तथा कर्मचारीको सेवासर्तसम्बन्धी नियमबमोजिम तोकिएको अवधिभन्दा बढी अवधिका लागि नियुक्ति गर्न सेवा आयोगको परामर्श लिँदा सम्बन्धित पदाधिकारीले कार्यकारि-परिषदको निर्णयअनुसार सेवा आयोगको परामर्श लिनुपर्नेछ ।

(३) शिक्षक तथा कर्मचारीलाई सेवासर्तसम्वन्धी नियमबमोजिम अयोग्य ठहरिने गरी सेवाबाट हटाउने विभागीय सजायको विषयमा सजाय दिने अधिकारीले सेवा आयोगको परामर्श लिँदा नियमबमोजिम गर्नुपर्ने विभागीय कारबाहीको प्रक्रिया पूरा गरी त्यसको आधारमा ठहर हुनुपर्ने विभागीय सजायसमेत खुलाई सम्बन्धित फायल सेवा आयोगमा पठाउनुपर्नेछ ।

८६. **परामर्श दिँदाको कार्यविधिः-** (१) नियम ८५ (१) बमोजिम आयोगको परामर्श माग भई आएमा सेवालाई प्रभावकारी र सुदृढ बनाउन सो सेवाको सर्तसम्बन्धी नियममा विचार गरी सेवा आयोगले परामर्श दिनेछ ।

(२) नियम ८५ (२) बमोजिम सेवा आयोगको परामर्श माग भई आएमा सेवा वा पदको कार्यप्रकृतिसमेतलाई विचार गरी परामर्श दिनेछ ।

(३) नियम ८५ (३) बमोजिम सेवा आयोगको परामर्श माग भई आएमा सेवा आयोगले आवश्यक ठानेमा सजाय दिने अधिकारीसँग अरू थप सबुतप्रमाणसमेत बुझी परामर्श दिनेछ ।

(४) नियम ८५ मा तोकिएका अवस्थामा बाहेक प्रचलित नियमबमोजिम सेवा आयोगले परामर्श दिनुपर्ने विषयमा आवश्यक प्रक्रिया अपनाई परामर्श दिन सक्नेछ ।





## परिच्छेद - १६
## निरीक्षण र पुनरावलोकन

८७. **निरीक्षण गर्न सकिनेः-** (१) विश्वविद्यालय सेवामा नियुक्ति, बढुवा र विभागीय कारबाहीसम्बन्धी सेवा आयोगद्वारा प्रत्यायोजित कामहरू प्रचलित नियमबमोजिम गरिएको छ, छैन भन्ने कुरामा निरीक्षण, सुपरिवेक्षण वा जाँचबुझ सेवा आयोगले गराउन सक्नेछ ।

(२) सेवा आयोगले प्रत्यायोजन गरेको अधिकारबमोजिम नियुक्ति वा बढुवा हुने पदमा निर्धारित प्रक्रिया र सर्त पूरा नगरी कुनै शिक्षक वा कर्मचारी वा व्यक्तिलाई नियुक्ति वा बढुवा गरेको देखिएमा सेवा आयोगले सो नियुक्ति वा बढुवा अनियमित भएको ठहर गर्न सक्नेछ ।

(३) निरीक्षण गर्दा सेवा आयोगको कार्यविधि प्रतिकूल कामकारबाही भएगरेको देखिएमा वा निरीक्षणमा सेवा आयोगलाई कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीले सहयोग नगरेमा त्यस्तो अनियमितता गर्ने वा सहयोग नगर्ने पदाधिकारी, शिक्षक वा कर्मचारीलाई आवश्यक कारबाही गर्न सेवा आयोगले कार्यकारि-परिषद्मा सिफारिस गर्न सक्नेछ ।

८८. **पुनरवलोकन गर्न सकिनेः-** (१) सेवा आयोगले नयाँ नियुक्ति वा बढुवाका लागि सिफारिस पठाएकोमा सोबमोजिम नियुक्ति वा बढुवाको पत्र दिनु अगावै कुनै उम्मेद्वारको सिफारिस उम्मेद्वारले प्रस्तुत गरेका गलत विवरणको कारणबाट फिर्ता लिनुपरेमा सेवा आयोगले कारण जनाई सिफारिस रद्द गरी योग्यताक्रमको अर्को सूचना प्रकाशित गर्न सक्नेछ ।

(२) कुनै विशेष कारण वा परिस्थिति परी सेवा आयोगले प्रदान गरेका परामर्श वा सिफारिस मुताविक कारबाही गर्न बाधा पर्न आएमा त्यसको कारण खोली कार्यकारि-परिषद्ले पुनः विचारार्थ सेवा आयोगमा लेखिपठाएमा त्यसमा विचार गर्दा पूर्वपरामर्श वा सिफारिसलाई संशोधन गर्न पर्याप्त आधार भएको पाएमा पूर्वपरामर्श वा सिफारिसलाई परिवर्तन गर्न सक्नेछ ।

## परिच्छेद - १८
## पुनरावेदन आयोग

१०७. **पुनरावेदन आयोगको गठनः-** विश्वविद्यालय र विश्वविद्यालयका कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीबीच सेवासर्तसम्बन्धमा उठेका कुनै पनि विवादको पुनरावेदन सुन्नको लागि कार्यकारि-परिषद्को सिफारिसमा सभाले १ जना अध्यक्ष र २ जना सदस्य रहेको एक पुनरावेदन आयोगको गठन गर्नेछः-

(क) कानुनमा स्नातक वा सोभन्दा माथिको तह उतीर्ण गरी कानुन वा न्यायको क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव भएका व्यक्तिहरूमध्येबाट एकजना अध्यक्ष रहनेछ ।

(ख) विश्वविद्यालयको प्रशासनिक क्षेत्रमा विशेष अनुभव भएको सेवानिवृत्त कम्तीमा सहप्राध्यापक वा सह-प्रशासकमध्येबाट २ जना सदस्य रहनेछन् ।

(ग) माथि जुनसुकै कुरा लेखिएको भएता पनि विश्वविद्यालय सभाको बैठक नबसेको अवस्थामा अध्यक्ष तथा सदस्यको पद रिक्त भएमा सो रिक्त पदमा कार्यकारि-परिषद्बाट अध्यक्ष तथा सदस्यको नियुक्ति गर्न सकिनेछ । त्यस्तो नियुक्ति त्यसपछि लगत्तै बस्ने सभाबाट अनुमोदन गराउनुपर्नेछ ।

(घ) आयोगका अध्यक्ष तथा सदस्यहरू आंशिक रूपमा काम गर्ने पदाधिकारी हुनेछन् ।

१०८. **आयोगका अध्यक्ष तथा सदस्यहरूको पदावधि र अन्य सेवासर्त र सुविधाहरूः-**

(क) आयोगका अध्यक्ष तथा सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(ख) आयोगका अध्यक्ष तथा सदस्यहरूको पद देहायको अवस्थामा रिक्त हुनेछः-

१) राजिनामा स्वीकृत भएमा ।

२) पदावधि पूरा भएमा ।

३) वहुलाएको वा मानसिक असन्तुलन भएको भनी प्रमाणित भएमा ।

४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा ।



१००. **उजुरी गर्न सकिनेः-** (१) यस नियमबमोजिम सेवा आयोगद्वारा प्रत्यायोजन गरेको अधिकार प्रयोग गरी गरेको काम कारबाहीमा चित्त नबुझ्ने शिक्षक, कर्मचारी वा व्यक्तिले सोकाम कारबाही भए गरेको मितिले पैंतीस दिनभित्र सेवा आयोगमा वा सेवा आयोगले तोकेको अधिकारीसमक्ष उजुरी गर्न सक्नेछ, तर यस्तो काम कारबाहीउपर पुनरावेदन लाग्ने छुट्टै व्यवस्था भएमा सोही बमोजिम पुनरावेदन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम उजुरी पर्न आएमा सेवा आयोगले तत्सम्बन्धमा जाँचबुझगरी ६० दिनभित्र विश्वविद्यालयका निकायहरूलाई आवश्यक आदेश दिनुपर्नेछ ।

१०१. **सेवा आयोगको कार्यालयः-** (१) सेवा आयोगका कामहरू सुचारू रूपले सञ्चालन गर्न, गराउन एक छुट्टै कार्यालय रहनेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यालय सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सदस्य वा अधिकृत कर्मचारीको प्रत्यक्ष रेखदेख वा नियन्त्रणमा रहनेछ ।

(३) सेवा आयोगको कार्यालयमा रहने शिक्षक वा कर्मचारीको दरबन्दी सेवा आयोगको सिफारिसमा कार्यकारि-परिषद्ले निर्धारण गर्नेछ ।

(४) सेवा आयोगको कार्यालयमा कार्यरत शिक्षक वा कर्मचारीको बिदा, काज, सरूवा र अन्य व्यवस्था सेवा आयोगको अध्यक्षको सिफारिस वा सहमतिविना गर्न सक्नेछैन।

१०२. **आचारसंहिताः-** सेवा आयोगको कार्यालयमा कार्यरत भइसकेका वा कार्यरत रहेका शिक्षक वा कर्मचारीका लागि परिच्छेद १० बमोजिमको आचारसंहिता लागू हुनेछ । सेवा आयोगमा कार्यरत शिक्षक वा कर्मचारीका लागि विशेष आचार-संहितासमेत सेवा आयोगले तोक्नेछ । यसरी तोकिएको विशेष आचार संहिता विश्वविद्यालयका शिक्षक तथा कर्मचारी सेवासर्तसम्बन्धी नियममा समावेश भएसरह हुनेछ ।

१०३. **कार्यविधि निर्धारण गर्न सकिनेः-** सेवा आयोगले आफ्नो कार्यालयको कामसम्बन्धी आन्तरिक कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ ।

१०४. **गोप्यता कायम रहनेः-** (१) सेवा आयोगले लिने परीक्षाहरूसँग सम्बन्धित सबै प्रकारका अभिलेखहरू गोप्य रहनेछन् ।

(२) सेवा आयोगका अध्यक्ष तथा सदस्य एवम् सेवा आयोगका कामसँग सम्बन्धित रहेका प्राश्निक, परीक्षक, विशेषज्ञ, दक्ष, शिक्षक तथा कर्मचारीले बहाल रहेका

वा अवकाशपछिको अवस्थामा समेत सेवा आयोगसम्बन्धी कामको गोप्यता कायम गर्नु वा गरिरहनुपर्नेछ ।

१०५. **विशेष व्यवस्थाः-** यो नियम लागू हुनुभन्दा पहिले पदपूर्तिका लागि गरिएका काम कारबाहीहरूमध्ये टुङ्गो लागिनसकेका काम कारबाहीहरू तत्कालीन नियम-विनियमबमोजिम वा आयोगले निर्णय गरी टुङ्गो लगाउनेछ ।





## परिच्छेद - १८
## कार्यसम्पादन मूल्याङ्कन

१०६. **कार्यसम्पादन मूल्याङ्कनविधिः-** विश्वविद्यालयअन्तर्गत कार्यरत शिक्षक तथा कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन तोकिएको ढाँचामा तोकिएको अधिकारीबाट हुनेछ ।

१२४. **प्राविधिक सेवा समूहः-** नियम १२० (घ) प्राविधिक सेवा समूह अन्तर्गत वरिष्ठ स्वास्थ्य सहायक (सि.अ.हे.व.), अ.स्ट्रीपर, कविराज, ल्याव टेक्निशियन, ल्याव असिष्टेण्ट, कम्पोजिटर, वैद्य, फोरम्यान, इलेक्ट्रीसियन, प्लम्बर र अन्य प्राविधिक वा सो सरहका रहनेछन् ।

१२५. **ऋण प्रवाह गर्न सकिनेः-** विश्वविद्यालयमा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीहरूलाई निजले लिन चाहेमा निजको मासिक पाउने तलबको ७५% रकमले ऋणको साँवा तथा तोकिएको ब्याज तोकिएको समयावधिभित्र तिर्न भ्याउने भएमा कोषको संचितिलाई विचार गरी ऋण प्रवाह गर्न गठित समितिको निर्णयानुसार देहायअनुसारका ऋण दिन सकिनेछः-

(क) घरजग्गा खरिद तथा गृहनिर्माण ऋणकोष

(ख) सवारी साधान खरिद ऋणकोष

(ग) डेढ वर्षको तलब बराबरको ऋणकोष

१२६. **धितो राख्नु अनिवार्य हुनेः-** नियम १२५ का क, ख, ग अनुसारको ऋण प्रवाह गर्दा आफूले लिने ऋण बराबरको तोकिएअनुसार घरजग्गा, सञ्चित कर्मचारी सञ्चयकोष, बिरामी बिदा, औषधोपचार खर्च रकम रोक्का गराई तोकिएअनुसार धितो राख्नु अनिवार्य हुनेछ ।

१२७. **धितो जमानी फुकुवा हुनेः-** धितो जमानीबापत् राखेको रकम ऋण तिरिसकेपछि फुकुवा गरिदिनुपर्नेछ ।

१२८. **हेड तोक्न सकिनेः-** (१) विश्वविद्यालय केन्द्रीय कार्यालय वा अन्य कार्यालय वा बिद्यापीठहरूमा एकै कार्यालयमा दश वा सोभन्दा बढी चौकीदार पियन, भान्से वा सोसरहका कर्मचारी स्थायी सेवामा कार्यरत रहेमा कार्यभार सम्हाल्न सक्ने कुनै एकजना पियन, चौकीदार वा सोसरहका कर्मचारीलाई कार्यालयप्रमुखले प्रत्येक दुईवर्षका लागि हेड (प्रमुख) तोक्न सक्नेछ ।

(२) केन्द्रीय कार्यालयमा कार्यरत ड्राइभरहरूमध्ये ज्येष्ठताको आधारमा कुलसचिवले एकजना ड्राइभरलाई हेड तोक्न सक्नेछ ।

(३) उपनियम १ र २ अनुसार हेड भई काम गर्नेले आफ्नो पदीय दायित्वभित्र पर्ने काम पूर्ण जिम्मेवारीका साथ गर्नुपर्नेछ ।

(४) उपनियम (१) र (२) अनुसार नियुक्त हुने हेडले हेड भई काम गरेबापत् तोकिएको मासिक भत्ता पाउनेछ ।

१२९. **कार्यालय समयः-** (१) विश्वविद्यालयका सबै निकायहरूमा नेपाल सरकार



(ग) आयोगका अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरू कार्यकारि-परिषदले तोकेबमोजिम हुनेछ ।

१०९. **पुनरावेदन आयोगको अधिकार प्रयोगः-** (१)आयोगलाई प्राप्त अधिकारको प्रयोग सामूहिक रूपले गर्नुपर्नेछ र बहुमतको निर्णय मान्य हुनेछ ।

(२) उपनियम (१) मा जेसुकै लेखिएको भएता पनि अध्यक्ष र एकजना सदस्यको उपस्थितिमा अन्तिम निर्णय दिनबाहेक अरू कारबाही अघि बढाउन सकिनेछ।

(३) उपनियम (२) बमोजिम अध्यक्ष र एकजना सदस्यको उपस्थितिमा पेस भएको निवेदन वा पुनरावेदनमा अध्यक्ष र सदस्यका बीच राय बाझिन गई निर्णय हुन नसकेमा सो दिन अनुपस्थित भएका सदस्यका समक्ष अर्को दिन सुनुवाइको निमित्त मिति तोकिनेछ ।

(४) निवेदन वा पुनरावेदनका सम्बन्धमा उपनियम (१) बमोजिम बहुमतबाट निर्णय हुन नसकेमा अध्यक्षको रायलाई नै आयोगको निर्णय मानिनेछ ।

(५) आयोगको निर्णय अन्तिम हुनेछ ।

११०. **पुनरावेदन आयोगको अधिकार क्षेत्रः-** (१) सेवा आयोगले आन्तरिक प्रतियोगितद्वारा नियुक्ति वा बढुवाका लागि गरेको सिफारिस वा ऐन तथा नियमअन्तर्गत विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको सेवासर्तका सम्बन्धमा पुनरावेदन सुन्ने अधिकार पुनरावेदन आयोगलाई हुनेछ।

(२) आयोगले सामान्यतः ३० दिनभित्र पुनरावेदनको टुङ्गो लगाउनुपर्नेछ ।

१११. **पुनरावेदन आयोगले अपनाउने कार्यविधिः-** विवाद परेपछि पुनरावेदनका सम्बन्धमा प्रमाण बुझ्ने, मिसिल झिकाउने, तारेख तोक्ने जस्ता कार्यका सम्बन्धमा आयोग आफैले निर्धारण गरेको कार्यविधि बमोजिम हुनेछ ।

११२. **कानुन ब्यवसायीद्वारा प्रतिरक्षा गर्न सकिनेः-** आयोगमा परेको निवेदन वा पुनरावेदनका सम्बन्धमा पक्षले चाहेमा कानुन ब्यवसायीद्वारा बहस, पैरवी र पुर्पक्ष गरी प्रतिरक्षा गराउन सक्नेछ ।

११३. **आयोगलाई आवश्यक कर्मचारी तथा अन्य कुराको ब्यवस्थाः-** यस नियमबमोजिम आयोगलाई आफ्नो कार्य गर्न आवश्यक पर्ने कर्मचारी, मसलन्द र अन्य कुराहरू कार्यकारि-परिषदले उपलब्ध गराउनेछ ।

११४. **निर्णयको कार्यान्वियनः-** आयोगको निर्णयको कार्यान्वयन सेवा आयोगको सम्बन्धमा सेवा आयोगले र अन्यको हकमा कार्यकारि-परिषद्ले गर्ने/गराउनेछ ।

११५. **नक्कलसम्बन्धी ब्यवस्थाः-** कुनै पक्षले मिसिल,संलग्न कुनै कागजातको नक्कल लिन चाहेमा पुनरावेदन आयोगले तोकेबमोजिमको कार्यविधि पूरा गरी दिन सक्नेछ ।

## परिच्छेद -२०
## विविध

११६. **एकै समयमा एउटै दरबन्दीमा स्थायी नियुक्ति नगरिनेः-** एकभन्दा बढी व्यक्तिलाई एकै समयमा एउटै दरबन्दीमा स्थायी नियुक्ति गरिनेछैन ।

११७. **पदाधिकार रहेको दरबन्दीमा अर्कोलाइ नियुक्ति गर्न नहुनेः-** एक जना शिक्षक वा कर्मचारीको पदाधिकार रहेको दरबन्दीमा अर्को व्यक्तिलाई स्थायी नियुक्ति गरिनेछैन ।

११८. **पदपरिवर्तन गर्न सकिनेः-** शिक्षणतर्फका बाहेक अन्य कर्मचारीहरूलाई समान न्यूनतम शैक्षिक योग्यता र तलबस्केल भएको समान सेवा समूहको समान पदमा पदपरिवर्तन गर्न सम्बद्ध कर्मचारीले निवेदन दिएमा र निज कार्यरत निकायका प्रमुखबाट सिफारिस भई आएमा औचित्य र आवश्यकता हेरी कार्यकारि-परिषद्ले पदपरिवर्तन गर्न सक्नेछ ।

११९. **विशेष प्रतियोगितासम्बन्धी व्यवस्थाः-** (१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको सेवाअवधि पूरा गरेका शिक्षकहरूलाई सेवा आयोगको सिफारिसमा उपप्राध्यापक पदबाट सहप्राध्यापक पदमा बढुवा गरिनेछ । सो सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

१. देहायको सेवाअवधि पूरा गरेका शिक्षकहरूलाई सहप्राध्यापक पदमा सेवा आयोगको सिफारिसमा बढुवा गरिनेछ । सोसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(अ) सहप्राध्यापक पदमा पदोन्नतिका निमित्तः-

(क) अनुभवः- विश्वविद्यालयमा १२ वर्षको स्थायी सेवाको प्राध्यापन अनुभव ।

(ख) शैक्षिकयोग्यताः- पी.एच.डी. ।

(ग) थप योग्यताः-

(अ) कमसे कम ५ जना शोधार्थीहरूलाई विद्यावारिधिको निमित्त गाइड गरेको र यसमध्ये कमसे कम दुईजनाको शोधपत्र स्वीकृत भएको ।

(आ) मान्यताप्राप्त जर्नलमा आफ्नो विषयमा कमसे कम दशवटा स्तरीय शोधनिबन्धहरू प्रकाशित गराएको ।





**अथवा**

उपप्राध्यापक स्थायी पदमा रही कम्तीमा १० वर्षको प्राध्यापन अनुभव भई विश्वविद्यालयमा २० वर्षको प्राध्यापन अनुभव भएको ।

(२) नियम ११९ (१) अनुसार विशेष प्रतियोगिताको व्यवस्थाबाट बढुवा हुने शिक्षक तथा यो नियम लागू हुनु पूर्व विशेष व्यवस्थाबाट बढुवा भएका कर्मचारीलाई निजको साविक पदकै दरवन्दी अभिवृद्धि गरी पदस्थापना गरिने छ । त्यस्ता शिक्षक कर्मचारी कुनै प्रकारले सेवाबाट अलग भएमा उक्त दरवन्दी अभिवृद्धि हुनु पूर्वको साविककै दरवन्दीमा परिणत हुनेछ ।

१२०. **समूहमा विभाजन** ः विश्वविद्यालय अन्तर्गत प्रशासन सेवा तर्फको कर्मचारीहरूको सेवालाई देहायको समूहमा विभाजन गरिएकोछ ः-

(क) प्रशासन सेवा समूह

(ख) आर्थिक सेवा समूह

(ग) पुस्तकालय सेवा समूह

(घ) प्राविधिक सेवा समूह

१२१. **प्रशासन सेवा समूहः** नियम १२० अनुसार विभाजन गरिएकासमूहमध्ये नियम १२० (क) प्रशासन सेवा समूह अन्तर्गत प्रशासक, सह-प्रशासक, उप-प्रशासक, सहायक प्रशासक, कानूनी सल्लाहकार, टाइपिष्ट'क', वरिष्ट सहायक, टाइपिष्ट 'ख', असिष्टेण्ट, टा.कम.कल्र्क 'ग', सवारी चालक (ड्राइभर), साक्षी, भण्डारे, पियन, चौकिदार वा सो सरहका रहनेछन् ।

१२२ **आर्थिक सेवा समूहः** नियम १२० को खण्ड (ख) को आर्थिक सेवा समूह अन्तर्गत प्रमुख आर्थिक नियन्त्रक, सह-लेखानियन्त्रक, उप-लेखानियन्त्रक, लेखा अधिकृत, लेखापाल, स्टोरकिपर, सहायक लेखापाल, सहायक स्टोर किपर वा सो सरहका पदहरु रहनेछन् ।

१२३. **पुस्तकालय सेवा समूह** ः नियम १२० को (ग) अन्तर्गत पुस्तकालयध्यक्ष (लाइब्रेरियन), सह-पुस्तकालयाध्यक्ष (ज्वाइन्ट-लाइब्रेरियन), उप-पुस्तकालयाध्यक्ष (डेपुटी-लाइब्रेरियन), सहायक-पुस्तकालयाध्यक्ष (असिष्टेण्ट-लाइब्रेरियन), जिल्दशाज (बुक बाइन्डर) र पुस्तकनिग्रहक (बुक चेकर) वा सो सरहका रहनेछन् ।

ले तोके- बमोजिम माघ १६ देखि कार्तिक १५ गतेसम्म बिहान १० बजे हाजिर भई अपरान्ह ५ बजे छुट्ने र कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म विहान १० बजे हाजिर भई अपरान्ह ४ बजे छुट्ने हुनेछ । तर कार्यालयलाई आवश्यकता परेको अवस्थामा कुनै पनि शिक्षक कर्मचारीले सो तोकिएको समयभन्दा बढी पनि काम गर्नुपर्नेछ ।

२. प्रत्येक आर्थिक वर्षभित्र ४ दिन स्थानीय बिदा हुनेछ । यस्तो बिदा उपत्यकाभित्र नेपाल सरकारले तोकेबमोजिम र उपत्यकाबाहिर स्थानीयरूपमा विचार गरी प्रदान गरिनेछ । केन्द्रीय कार्यालयमा उपकुलपति र उपत्यकाबाहिरका विद्यापीठ तथा कार्यालयहरूमा प्राचार्य वा कार्यालयप्रमुखले स्थानीय बिदा तोक्नेछ । नेपाल सरकारले विशेष परिस्थितिमा दिएको सार्वजनिक बिदा सबैको हकमा मान्य हुनेछ ।

१३०. **अस्थायी वा करारसेवामा काम गरेकालाई विशेष सुविधाः-** विश्वविद्यालय सेवाअन्तर्गत अविच्छिन्न १० वर्षसम्म अस्थायी वा करारसेवामा काम गरिसकेका तर स्थायी हुने उमेर नाघेका शिक्षक तथा कर्मचारी कुनै कारणले स्थायी नियुक्ति हुन नसकेमा यो नियम प्रारम्भ भएपछि निजलाई बढीमा १० महिनाको उसले खाईपाई आएको तलब बरावरको रकम प्रदान गरी सेवाबाट अवकाश दिन सकिनेछ ।

१३१. **निरोगिताको प्रमाणपत्र पेस गर्नुपर्नेः-** विश्वविद्यालय सेवामा स्थायी हुने प्रत्येक शिक्षक, कर्मचारीले परीक्षणकाल हटाइपाउन आवेदन दिँदा मान्यताप्राप्त चिकित्सकबाट प्राप्त निरोगिताको प्रमाणपत्र पेस गर्नुपर्नेछ ।

१३२. **सेवासम्बन्धी विवरण अद्यावधिक राख्नुपर्नेः-** (१) केन्द्रीय कार्यालयमा विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको सेवादर्ता किताब रहनेछ। कुनै पनि स्थायी नियुक्ति प्राप्त गर्ने शिक्षक वा कर्मचारीहरूले स्थायी नियुक्ति भई बहाल गरेको एक महिनाभित्र निर्धारित सेवादर्ता किताब भरी केन्द्रीय कार्यालयमा अनिवार्य रूपमा पठाउनुपर्नेछ ।

(२) सेवादर्ता किताबमा शिक्षक वा कर्मचारीको उमेर, प्रवेशिका परीक्षा (एस.एल.सी.) को प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र अन्य सरकारी प्रमाणपत्रबमोजिम जन्ममिति भरिनेछ ।

(३) उपनियम (२) अनुसार कुनै प्रमाणपत्र नभएमा उपकुलपतिबाट तोकेको समिति वा पदाधिकारीले उमेरको निर्णय गर्नेछ ।

(४) उमेरसम्बन्धी कुनै प्रश्न उठेमा विश्वविद्यालय सेवादर्ता पुस्तिकामा चढाएको उमेर अन्तिम मानिनेछ, र विश्वविद्यालय सेवाबाट अवकाशपछि सोही सेवादर्ता पुस्तिकामा चढाएको उमेरकै आधारमा गरिनेछ।

१३३. **असल नियतले काम गरेकोमा बचाउः-** ऐन र नियमबमोजिम असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा विश्वविद्यालयको कुनै शिक्षक र कर्मचारीउपर मुद्दा चलाउने वा अन्य कुनै कानुनी कारबाही गरिनेछैन ।

१३४. **बाधा अडचन फुकाउनेः-** यस नियमबमोजिम कामकाज वा कारबाही गर्दा/गराउँदा कुनै बाधा अडकाउ फुकाउने वा हटाउने अधिकार कार्यकारि-परिषद्लाई हुनेछ ।

१३५. **कार्यप्रणाली वा कार्यनिर्देशिका बनाउन सकिनेः-** यस नियमको उद्देश्यपूर्तिका लागि कार्यकारि-परिषद्ले कार्यप्रणाली वा कार्यनिर्देशिका बनाई लागू गर्न सक्नेछ।

१३६. **उपदान वा निवृत्तिभरण र औषधोपचार एवम् बिदाको सुविधाः** - कायम-मुकायम रहेको कुनै कर्मचारी सेवाबाट कुनै कारणले अलग भएमा त्यस्तो कर्मचारीले कामय-मुकायम भएको पदका हैसियतले खाईपाई आएको तलबका आधारमा उपदान वा निवृत्तिभरण र औषधोपचार एवम् बिदाको सुविधा पाउनेछ ।

१३७. **खारेजी र वचाउः-** (१) नेपाल संस्कृत विश्वविद्यालय ऐन २०४३ (संशोधनसहित) को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी जारी भएको नेपाल संस्कृत विश्वविद्यालय नियमावली २०४४ बमोजिम सेवासर्तहरू सम्बन्धी नियमहरू खारेज गरिएका छन् ।

(२) उपनियम (१) अन्तर्गतका नियमअनुसार भए गरेका सबै काम कारबाहीहरू यसै नियमअन्तर्गत भए गरेका मानिनेछन् ।

(३) ऐन र यस नियम तथा यस नियमअन्तर्गत बन्ने कार्यप्रणाली वा कार्यनिर्देशिकाको उद्देश्यसित नबाझिने गरी तोकिएबमोजिम गरिएका वा प्रचलनमा भएका कुराहरू यसै नियमअनुसार भएगरेका मानिनेछन्।

**मिति २०६७।६।१५ गतेको सभाबाट पारित**

**(मिति २०७० भाद्र महिनासम्मको संशोधन समावेश)**